साहसिक पत्रकारिता

संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

www.saharatimes.com.np

राष्ट्रिय पाक्षिक

● वर्ष १५, ● ● पूर्णाङ्क ३१६, ● अंक ९ ● २०८० साल फागुन १-१५ गते (13 Feb., 27 Feb., 2024) ● मूल्य रु. १०

# मधेशीको भोटमा गैर मधेशीको रजाइँ




मधेश प्रदेशबाट काँग्रेसले राष्ट्रिय सभा सदस्यमा आनन्द ढुगांनालाई जिताएर ल्याएपछि तराई मधेशमा यतिखेर खुब चर्चा छ, 'मधेशी भोटमा पहाडीको रजाइँ' । काँग्रेस मात्र होइन, अन्य दलहरु पनि मधेश र मधेशीको नाममा भोट लिने तर जब अबसर आउँछ अनि पहाडी समुदायबाट चयन गर्छन् । समानुपातिक समावेशी प्रणालीको धज्जी उडाएको छ नै सम्बन्धित ठाउँबाट सम्बन्धित व्यक्तिलाई नल्याएर पहाडी समुदायको रजगज रहेका छन् ।

काँग्रेसका लागि भोटको गढ भनेको मधेश हो । मधेशबाट काँग्रेसले थुप्रै मत पाएका छन् । मधेशकै कारण काँग्रेस ठूलो र बलियो पार्टी बनेको हो तर जब राष्ट्रिय सभामा पार्टीबाट उम्मेदवार बनाउने कुरा भयो अनि पार्टीले पहाडी समुदायबाट आनन्द ढुगांनालाई चयन गऱ्यो । त्यसले मधेशमा काँग्रेसको निकै आलोचना भयो । पार्टीमा पनि त्यसको विरोध भयो । मधेशका सर्वसाधारणले पनि त्यसको आलोचना गरे । समाजिक सञ्जालबाट काँग्रेसको त्यो निर्णयको खुब विरोध भयो ।

मधेश प्रदेशमा अन्यतर्फ आनन्द ढुंगानालाई उम्मेदवार बनाउनेमा औचित्य पुष्टि नभएको भन्दै धेरैले गुनासो गरेका छन् । काँग्रेसका महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापाले समेत मधेश प्रदेशमा आनन्द ढुगानालाई टिकट दिने कुराको औचित्य पार्टीले पुष्टि गर्न नसक्ने बताउनु भएको थियो, मधेश प्रदेशमा मधेशी समुदायका उम्मेदवार बन्न नसक्ने हैसियत नभएका व्यक्ति पनि नभएको होइन तर पार्टीले औचित्य पुष्टि नहुने गरी ढुगांनालाई राष्ट्रिय सभामा ल्याएको प्रति गुनासो थियो ।

ढुगांनाले पार्टीमा अवसर नपाएको होइन, मधेश प्रदेशबाट मधेशी अनुहार आउने कुरा एक दमै महत्वपूर्ण हुन्थ्यो तर पार्टी त्यसमा चुकेको उहाँहरुको धारणा रहेको थियो । राष्ट्रिय सभाका लागि मधेशी समुदायलाई उपेक्षा गरिएको कुरा अर्जुननरसिंह केसी र बलबहादुर केसीले पनि भन्नुभएको छ ।

मधेशबाट पार्टीका सह-महामन्त्री फरमुल्ला मन्सुरलाई पनि राष्ट्रिय सभाको सदस्यमा ल्याउँदा हुन्थ्यो तर सभापति शेरबहादुर गुटका उहाँलाई कसै ले पाखा लगाउन सकेन । कांग्रेसको धनुषा जिल्ला समितिले राष्ट्रिय सभा सदस्यका लागि आनन्द ढुगांनाको नाम सिफारिस समेत गरेको थिएन । जिल्लाबाट सिफारिस नभए पनि प्रदेश कार्यसमितिले आनन्द ढुगांनाको नाम पहिलो नम्बरमा राखेर केन्द्रलाई सिफारिस गरेको थियो ।

जिल्ला सभापति नेता विमलेन्द्र निधि पक्षका भएका कारणले आनन्द ढुगांनाको नाम सिफारिस गर्नुभएको थिएन । तर प्रदेशमा देउवा गुटका सभापति भएको कारण आनन्द ढुगांनाको नाम एक नम्बरमा परेको थियो । कांग्रेस केन्द्रीय अनुशासन समितिका संयोजक समेत रहनु भएको आनन्द ढुगांनालाई राष्ट्रिय सभाको सदस्य हुन नदिनका लाीग नेता निधिले निकै प्रयास गर्नुभएका थियो तर देउवाका अगाडि कसैको केही चलेन । विश्वप्रकाश शर्मा, गगन थापा, निधिले मधेश प्रदेशबाट कुनै एक जना मधेशीलाई राष्ट्रिय सभामा पठाउनुपर्ने अडानमा हुनुहुन्थ्यो तर उहाँहरुको दाल गलेन ।

ढुंगानाले कहिले प्रत्यक्ष त कहिले समानुपातिकमा टिकट पाउँदै आउनु भएको थियो । २०४८, २०५१ र २०५६ मा उहाँ टिकट पाएर आफ्नो धनुषाको आफ्नो चुनावी क्षेत्रबाट चुनाव जित्नु भएको थियो । २०६५ को पहिलो संविधान सभा चुनावमा उहाँ तत्कालिन एमालेका रामचन्द्र झासँग पराजित हुनुभएको थियो । २०७० को दोस्रो संविधान सभा चनुावमा समानुपातिकबाट संविधान सभा सदस्यमा आउनु भएको थियो । २०७४ मा पनि उहाँले टिकट पाउनु भएको थियो । तर माओवादी केन्द्रका नेता मातृका यादवबाट उहाँ पराजित हुनुभएको थियो । २०७९ मा उहाँको नाम समानुपाति लिस्टमा राख्यो तर उहाँ चयन हुनुभएको थियो । अहिले उहाँ राष्ट्रिय सभाको सदस्य हात पार्नुभयो ।

अर्थात आनन्द ढुगांना अवसरबाट कहिले बन्चित हुनुभएन तर त्यही मधेशमा थुप्रै नेताहरु छन् जो पार्टीका लागि दिनरात मेहनत गर्नुहुन्थ्यो तर अहिले त्यसलाई अवसरबाट बन्चित राखेर पहाडी समुदायका आनन्द ढुगांनालाई राष्ट्रिय सभाको सदस्य बनाएको छ । त्यति मात्र होइन उहाँ २०५५ मा गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा वन मन्त्री हुनुहुन्थ्यो ।

२०७८ मा भएको १४ औं महाधिवेशनमा उहाँ मधेश प्रदेशबाट सर्वसम्मत केन्द्रीय सदस्य निर्वाचित हुनुभएको थियो । देउवा प्यानलबाट उम्मेदवार बन्नुभएका ढुंगानाविरुद्ध कसैले उम्मेदवारी नै दिएको थिएन । सधैं गुटका राजनीति गर्नुभएका ढुगांना गिरिजाप्रसाद कोइराला र सुशील कोइरालाको निकट भएर काम गर्नुभएको थियो अहिले देउवाको

बाँकी पृष्ठ १२ मा

## यस भित्र




स्मृति दिवसमा परिणत हुँदै मधेश आन्दोलन

● लेख, पृष्ठ ४



काठमाडौँलाई बाह्रै महिना पानी खुवाउने उपायको खोजीमा छौं

● अन्तरवार्ता, पृष्ठ ५



अमिना र नेल्सन मेन्डेलाको प्रेम

● मध्यपृष्ठ, पृष्ठ ६



बिहे गर्दै रश्मिका

● पृष्ठ ९



डाक्टर बन्न हिड्नु भएका चन्द्रकिशोर यसरी हुनुभयो पत्रकार

● पृष्ठ १०

## अभिमत

# सम्पादकीय

# आन्दोलन केका लागि ?

अहिले हरेक दलले आन्दोलनको चेतावनी दिइरहेका छन् । तर आन्दोलन किन गर्ने त्यसको ठोस उद्देश्य कसैले स्पष्ट गरेको छैन । नेकपा एमालेले पनि फागुनदेखि सरकारको विरूद्धमा आन्दोलन गर्ने भनेको छ भने राप्रपाले पनि फागुन ७ गते आन्दोलन गर्ने भनेको छ । यता, मधेश केन्द्रीत दल जनता समाजवादी पार्टी, लोकतान्त्रिक पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, तराई मधेश लोकतान्त्रिक पार्टीलगायत दल पनि के कम । ती दलहरूले पनि आन्दोलन गर्ने चेतावनी दिइरहेका छन् । कतिपय दल त त्यसको तयारीमा पनि लागि सकेका छन् तर आन्दोलन केका लागि त्यसको स्पष्टता अझै भएको छैन ।

आन्दोलनको मूल माग संघीयता, गणतन्त्र, धर्म निरपेक्षता, प्रदेश निर्माण जस्ता मागहरू पुरा भइसकेका छन् । सबभन्दा प्राथमिकतामा रहेको नागरिकताको माग पनि पुरा भएको छ । समानुपातिक समावेशीको व्यवस्था पनि संविधानमा गरिसकेको छ । मूलभुत मागहरू पुरा भइसकेका छन् तैपनि यी दलहरू के का लागि आन्दोलन गर्दैछन् त ?  २०८४ मा चुनाव हुँदैछ, चुनावमा कुनै एजेण्डा नभएको कारण आन्दोलन चर्काउन खोजेको कुरा कसैबाट लुकेको छैन । एमाले होस् वा राप्रपा वा जसपा, लोसपा, जनमत किन नहोस् अगामी चुनावमा सबैको हालत खराब हुनेबाला छ त्यही भएर आन्दोलन गरेर जनतलाई जगाई रहने र त्यसको आधारमा मत आफूतिर तान्ने उनीहरूको दाउ छ ।

विगतमा आन्दोलन गरेकै कारण जनताले मत दिएर ठूलो पार्टी बनाएर पठाएको थियो तर जब आन्दोलनको असर कम हुँदै गयो ती दलहरूको अवस्था पनि कमजोर हुँदै गयो । मधेश आन्दोलन गरेपछि तत्कालिन मधेशी जनअधिकार फोरम अर्थात अहिलेका जसपा, तत्कालिन तमलोपा अहिलेको लोसपा पहिलो संविधान सभामा ठूलो शक्ति भएर आएका थिए । तर जसरी जसरी आन्दोलनको प्रभाव कम हुँदै गयो त्यसरी नै ती दलहरूको शक्तिमा पनि ह्रास हुँदै गयो । त्यही शक्ति प्राप्त गर्नका लागि पुनः आन्दोलन गर्ने दाउमा छन् । २०६५ सालदेखि लगातार सरकारमा छन् ती दलहरू । मधेश प्रदेश सरकारको नेतृत्व पनि गरे । संघीय सरकारमा पनि पटक पटक सहभागी भए । उपप्रधानमन्त्रीसम्म भए, गृहमन्त्री, भौतिक पूर्वाधार मन्त्रालय जस्ता मालदार मन्त्रालय पनि सम्हाले तर जनतालाई कुनै राहत दिएन । जनताले विकासको अनुभूती नै गरेन । शिक्षा, स्वास्थ्य, कृषि, रोजगारीको अवस्था जस्ताका त्यस्तै छ ।

जनताको जीवनशैलीमा कुनै परिवर्तन आएको छैन । २० वर्ष जस्तो अवस्था थियो, अहिलेको अवस्था पनि त्यस्तै छ । देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि सबैको जीवनशैलीमा परिवर्तन हुन्छ, सबैले समान अधिकार पाउँछन्, शिक्षा, स्वास्थ्य, रोजगार सबै घरसम्म नै आइपुग्छन् जस्ता आश्वासन यी दलका नेताहरूले दिनुभएको थियो । आन्दोलनबाट व्यवस्था परिवर्तन भयो । आन्दोलन गर्ने नेताहरू मन्त्री, सांसद भए तर जनताको जीवनशैलीमा कुनै पनि परिवर्तन आएन । नेताको जीवनशैलीमा परिवर्तन आयो । घर, गाडी, जग्गा जमिन जोडे । छोराछोरीलाई गाउँबाट शहरको राम्रा स्कूल तथा विदेशसम्म पढाउन पाए । तर जनताका छोराछोरी त्यही सरकारी स्कूलमा अल्झिरहेका छन् । समान्य शिक्षा लिएर कमाउनका लागि खाडी मुलुक जान बाध्य छन् । तराई मधेशको शिक्षाको गुणस्तर पहिला भन्दा झन खराब भएको छ । स्वास्थ्यको अवस्था विगतको भन्दा झनै खराब भएको छ । विरोजगारी अवस्था यस्तो सृजना भएको छ कि गाउँमा कुनै युवा भेट्दैनन्, रोजगारका लागि शहर गएका छन् कि वैदेशिक रोजगारका लागि खाडी मुलुक पुगेका छन् । तर आन्दोलन गरेकै नेता तथा त्यसका पार्टी विगत १५ वर्षदेखि सरकारमा छन् । मधेश प्रदेशको सरकार नेतृत्व गरेको अहिले दोस्रो कार्यकाल हो तर एउटा पनि सम्झन लायक जनतासँग जोडिएको काम भएको छैन ।

अनि जनताले फेरि कसका लागि र किन आन्दोलन गर्ने प्रश्न उठेको छ । विगतमा जेका लागि आन्दोलन गरेको थियो त्यसमध्ये केही प्राप्त भएको छैन । अहिले फेरि आन्दोलन गर्न जनतालाई नेताहरूले उक्साइ रहेका छन् । यो आन्दोलन जनताका लागि नभएर नेताहरूले आफ्नो स्वाथृका लागि गर्न खोजिरहेका छन् । आन्दोलनमा दुई चार जनालाई मार्न लगाउँछन्, आन्दोलनलाई उचाईमा पुर्‍याउँछन् र फेरि त्यसलाई सत्ता र कुर्सीसँग साटफेर गरेर जनतालाई बिच सकडमै छाड्छन् । त्यसैले आन्दोलनको कुरा गर्ने नेतालाई सोधौ, 'आन्दोलन केका लागि ?

# तथ्यांक आफै बोल्छ

**वैदेशिक रोजगारीको लागि प्रमुख गन्तब्य (मधेश प्रदेश)**

| गन्तब्य देश | सन् २०१९/२० | गन्तब्य देश | सन् २०२०/२१ | गन्तब्य देश | सन् २०२१/२२ |
|---|---|---|---|---|---|
| मलेसिया | ११,८८३ | कतार | ११,००७ | साउदी अरब | ३७,८२२ |
| कतार | १०,३०६ | साउदी अरब | ६,३३९ | कतार | ३६,३५८ |
| साउदी अरब | ९,१९३ | यूएई | १,९२७ | यूएई | ८,७५६ |
| यूएई | ९,०३८ | बहराइन | ६४२ | मलेसिया | ८,३५१ |
| कुवेत | २४०७ | ओमान | २९० | कुवेत | ५,०१३ |
| बहराइन | ४४० | रोमानिया | १०९ | बहराइन | १,७८८ |
| ओमान | २२३ | माल्दिभ्स | ८० | ओमान | ४९६ |
| जोर्डन | १०७ | टर्की | ५६ | रोमानिया | २७७ |
| रोमानिया | १०१ | क्रोएसिया | ३२ | क्रोएसिया | २५२ |
| टर्की | ६४ | साइप्रस | २५ | माल्दिभ्स | १७८ |
| अन्य | ३५६ | अन्य | १३८ | अन्य | ७७६ |

स्रोत: Nepal Labor Migration Report, 2022

# पाठक पत्र

saharatimes.com.np@gmail.com




## युवामा नशा भर्छन् सिके राउत

सिके राउतमा अलिकति पनि राजनीतिक संस्कार छैन । राजनीतिक ज्ञान छैन भन्दा पनि हुन्छ । हल्ला गरेर ठूला ठूला कुरा गरेर मात्र आन्दोलन हुँदैन । ठूला ठूला कुरा गरेर यदि राजनीति हुन्थ्यो भने मुकुन्द पनि अहिले राजनीतिमा हुन्थे । डा.सुरेन्द्र केसी पनि राजनीतिमा हुन्थे । राजनीति गर्नका लागि ठूला ठूला स्वर र आश्वासन मात्र काफिर हुँदैन त्यसका लागि लौजिक, सिद्धान्त र व्यवहार पनि चाहिन्छ जुन सिके राउतमा छैन । सिके राउत नशा लगाउने काममा माहिर छन् । सिके राउतले यस्ता यस्ता कुरा गर्दिन्छन् कि युवा उनको पछाडि दिवाना जस्तो लाग्छ । सबैलाई ड्रगिस बनाइ दिन्छन् । जसरी पकास्तानी जिहादीहरुले आफ्न मजहबका लीग भनि मर्न र मार्नका लागि तयार गर्दिदिन्छन् त्यसरी सिके राउतले युवामा नशा बसाई दिन्छन् ।

*विनय ठाकुर, सिरहा, चोहर्वा-५*

## उपेन्द्र यादवबाट सिके राउत भयभित

डा.सिके राउत नेपाली राजनीतिबाट कति भयभित हुनुहुन्छ भने कुरा उहाँले फेसबुकमा लेख्दै आउनुभएको कुराले पुष्टि हुन्छ । उहाँ सबभन्दा बढी भयभित उपेन्द्र यादवबाट हुनुभएको छ । उपेन्द्र यादवलाई सप्तरी-२ बाट हराएपछि आफूलाई शेर सम्झिने सिके राउत आफूलाई त्यतिबेला चुहा सम्झन थाले, जति बेला उपेन्द्र यादव बाराबाट चुनाव जितेर संसदमा छिर्नुभयो । उहाँ संसदमा मात्र छिर्नुभएन, उपराष्ट्र पनि पाउनुभयो र मधेश प्रदेश सरकारको नेतृत्व पनि पाउनुभयो ।

संघीय सरकारमा दुईटा मन्त्रालय पनि पाउनुभयो । जुन कुरा सिके राउतले कल्पना समेत गर्नुभएको थिएन । सत्ता गठबन्धनमा सिके राउतभन्दा उपेन्द्र यादवलाई महत्व दिएको छ । भागबण्डा हुन्छ उपेन्द्र यादवले पाउनुहुन्छ । त्यसकारणले उहाँ उपेन्द्र यादवको अगाडिमा अपफूलार्य जहिले अपहेलित सम्झनुहुन्मछ । उपेन्द्र यादवलाई कमजोर नगरिकन राजनीतिमा अगाडि बढ्न सकिदैन भनि बुझेका सिके राउत पछिल्लो समय उपेन्द्र यादवमाथि निकै आक्रमक हुनुभएको छ । यसले उपेन्द्र यादवलाई होइन, सिके राउत स्वयंलाई क्षति पुर्‍याइ रहेको छ ।

*अजय यादव, पर्सा, विरगञ्ज, घण्टाघर*

## सुरक्षाको जिम्मेवारी संघ सरकारलाई नै ठिक

संघीय सरकारले मधेश प्रदेश सरकारलाई फुल पावर नदिँदा शक्तिको दुरुपयोग यसरी गरिरहेको छ भने सबै पावर दियो भने अबस्था कस्तो हुन्छ आफै कल्पना गर्न सकिन्छ । मधेश सरकारमा रहेका मुख्यमन्त्री, मन्त्री, सांसदले जनतालाई भेडाबाखा सम्झि रहेका छन् । गुण्डाराज चलाई रहेका छन् । प्रहरी लगाएर कुटपिट गराइ रहेका हुन्छन्, त्यतिले पनि सकेन भने आफ्नो गुण्डा लगाएर कुटपिट गराएका हुन्छन् । सम्झनुस् प्रहरी परिचालन गर्ने जिम्म यदि प्रदेश सरकारलाई दियो भने मधेशी जनताको हालत कस्तो हुन्छ । प्रहरी प्रशासनलाई पनि गुण्डागर्दीमा उतार दिन्छन्, घुरखोर र भ्रष्ट बनाई दिन्छन् । प्रहरीलाई आफ्नो भान्छे, भरिया र खेतमा काम गर्ने खेताला बनाई दिन्छन् । सुरक्षा संघको नियन्त्रणमा हुँदा राम्रो । मधेशी जनताले प्रहरीको गुण्डाराजलाई थेग्न सक्दैन ।


*सिराजुल खान, सिरहा, गोलबजार-१०*

## दुनियाँको प्रवाह गरेनन् ललिता दासले

ललिता दासको गीत र कविता म धेरै सुनेको छु । उहाँले गीत र कविता भन्दा धेरैले हाँसोमा उडाउथे । गाउन नआए पनि जवर्जस्ती गाउने गर्नुहुन्थ्यो, न सुरको मिलेको हुन्थ्यो न ताल । उहाँले गीत गाउन थालेपछि सबै हाँस्न थाल्थे ।

तर आज उहाँको बारेमा सहारा टाइम्समा पढ्दा मलाई गम्भिर बनाएको छ । वास्तवमा उहाँले आफ्नो जीवनमा निकै संघर्ष गर्नुभएको छ । संघर्ष गर्नबाट उहाँ कहिले थाक्नुभएन । निरन्तर नथाकिन आन्दोलन गर्दा, संघर्ष गर्दा आज उहाँले यो उचाई लिनुभएको छ । उहाँले भाषण दिँदा वा उहाँले गीत गाउँदा जो हासेका थिए त्यसलाई आज म सम्झिरहेको छु । हाँस्नेहरु कहाँ होला आज ललिता साह कहाँ पुगि सके । त्यसैले भन्ने गर्छन्, 'उचाईमा पुग्नुछ भने दुनियाँको प्रवाह नगर्नुस् ।' यो कुराको सावित ललिता दासले गर्नुभएको छ । ललित दास यदि दुनियाँको प्रवाह गरेको भए आज यो मन्जिल पाउनु हुन्थेन ।

# फेसबुक



**जयप्रकाश आनन्द**

लामो समयपछि पौष २७ को सर्वाधिक चर्चा छ । पंचायती व्यवस्थाका दौरान यस दिनलाई सरकारी तवरमा राष्ट्रिय एकता दिवसको भनी मनाईन्थ्यो । मुलुकमा गणतन्त्र स्थापनापछि यसरी मनाईन छोडियो । यसमा काँग्रेस, एमाले र माओवादीको सहमति थियो । राप्रपा तथा पुराना मंण्डले प्रवृतिका मानिसहरूले यसको बिरोध गरिरहे । आज पृथ्वी नारायण शाहको व्यक्तित्व बिवादपूर्ण भएको छ । एकथरी उनले नेपाल राष्ट्रको निर्माण तथा एकिकरण गरेको मान्यता राख्छन् भने अर्का थरीले उनले गोर्खा राज्यको विस्तार गरेको मान्दछन् ।

यसमा बिवाद गरिए पनि, सुगौली सन्धि पूर्व नेपालको कायम भएको सीमा तथा एक मुलुकको रूपमा बनेको पहिचानको निर्माता पृथ्वी नारायण शाह रहेकोमा द्विमत हुन सक्दैन । यसरी एक बर्ष भरमा पचासौं अजुल फिजुल बिदाहरू दिई रहदाँ एक दिन पृथ्वी नारायण शाहको नाममा समर्पित गर्दा अनर्थ हुने छैन । इतिहासको अध्ययन तथ्यमा आधारित रहेकोले निर्मम हुन्छ । पृथ्वी नारायण शाहको बारेका अध्ययन पनि आलोचनाको घेराबाट बाहिर रहनु हुदैन । यसको स्वतन्त्रता रहनु पर्दछ ।

# जसपामा मधेशलाई नचिन्ने राजेन्द्र

पहिलो पटक जनता समाजवादी पार्टी नेपालको प्रतिवेदन अध्ययन गर्दा लाग्छ यो कुनै तराई मधेश केन्द्रीत दलको प्रतिवेदन नभएर कुनै पहाड केन्द्रीत दलको प्रतिवेदन हो । हालै सम्पन्न जसपा नेपालको केन्द्रीय समितिको बैठकमा सो पार्टीका वरिष्ठ नेता राजेन्द्र श्रेष्ठले प्रस्तुत गर्नुभएको राजनीतिक प्रतिवेदनमा त्यस्तो प्रतित भएको हो । ' यो वर्ष नेपालमा विप्रेषण आप्रवाह झन्डै २६ प्रतिशतले बढ्नु, सोधनान्तर स्थिति एक खरव ५० अरब रुपैंयाले सकारात्मक रहनु, विदेशी मुद्राको सञ्चिति झन्डै एक वर्षको आयात धान्न सक्ने अवस्थामा पुग्नुले अर्थतन्त्रको वाह्य क्षेत्र सुधार भएको देखिएको छ । अहिले विदेशी मुद्राको सञ्चिति इतिहासकै उच्च छ ।' यो कुरा उल्लेखले यो पार्टी प्रतिवेदन नभएर सरकारी प्रतिवेदन भएको प्रतित हुन्छ, एक केन्द्रीय सदस्यले भन्नुभयो, 'जसपा सरकार छ, तर सरकारको काम कारवाहीबाट पार्टीका अध्यक्ष उपेन्द्र यादव पनि खुशी देखिदैन तर त्यही पार्टीका वरिष्ठ नेता राजेन्द्रजीले सरकारलाई पुरै समर्थन हुने गरी प्रतिवेदन बनाउनु भएको जुन लज्जास्पद कुरा हो ।'

उहाँले प्रतिवेदनमा आगाडि भन्नुभएको छ, 'कोविडले थलिएको पर्यटन उद्योगहरू भने फस्टाउन थालेका छन् । यो वर्ष १० लाख १४ हजार पर्यटकहरू नेपाल भित्रिएका छन् । यो आजसम्मको इतिहासमा सबैभन्दा बढी हो । केही वर्ष अगाडीसम्म देशमा १८ घन्टासम्मको लोडसेडिङका सामना गर्नु परिरहेको थियो भने जनसङ्ख्याको ठूलो हिस्सा विद्युतको पहुँचभन्दा बाहिर नै थिए । आज लगभग सिङ्गो देशमा विद्युतको पहुँच पुगेको छ । जलस्रोतको भण्डार रहेको देशमा विद्युत आयात गर्नुपर्ने अवस्थाबाट आज देशले निर्यात गर्ने सामर्थ्यता हासिल गरेको छ । यो वर्ष आगामी दश वर्षमा भारतलाई दशहजार मेघावाट विजुली निर्यातको सम्झौता भएको छ भने चीन र बङ्गलादेशमा पनि विद्युत व्यापारका लागि ट्रान्समिसन लाइन लगायतका आवश्यक पूर्वाधार निर्माणको पहल भइरहेको छ ।

गत वर्ष झन्डै ७०० मेगावाट विद्युत निर्यात गरी १५ अर्ब २७ करोड रुपियाँ बराबरको विदेशी मुद्रा आर्जन गरिएको छ । हाल नेपालको विद्युत उत्पादन क्षमता झन्डै २९०० मेगावाट पुगेको छ जसमध्ये करिव ५४० मेगावाट त यही वर्षमा थप भएको छ । सन् २०३५ भित्र नेपालले २८ हजार मेघावाट विजुली उत्पादन गर्ने लक्ष्य राखेको छ । यसका लागि नेपाललाई कम्तिमा २० हजार मेघावाट क्षमताको ट्रान्समिसन लाइनको आवश्यकता छ । यसले देशमा उद्योग र चुलोदेखि यातायातसम्म विद्युत खपत बढाएर विजुलीमा आत्मनिर्भरताको नयाँ युगमा प्रवेश गराउने छ र नेपाली अर्थतन्त्रलाई सबल बनाउँदै लाने छ ।' ती केन्द्रीय सदस्यले भन्नुभयो, 'यो प्रतिवेदन पढ्दा कही फिल भएन कि यो एउटा मधेशवादी दलको प्रतिवेदन हो ।

जसपाको नेतृत्वमा मधेशमा पनि सरकार छ तर त्यो सरकारको बारेमा एक शब्द कही चर्चा गरिएको छैन । कही कतै आलोचना बाहेक प्रतिवेदन भर माओवादी

बाँकी पृष्ठ ९ मा

# नागरिक उन्मुक्तिमा श्रीमान श्रीमतीको कचकच

नागरिक उन्मुक्ति पार्टीको अध्यक्षमा रेशम चौधरी आएपछि रञ्जिता श्रेष्ठलाई मन परेको छैन । रञ्जिता श्रेष्ठ रेशम चौधरीका दोस्रो श्रीमती हुनुहुन्छ । रेशम चौधरी जेलमा हुँदा जनता समाजवादी पार्टी छाडेर उहाँले नागरिक उन्मुक्ति पार्टी गठन गर्नुभयो । सो पार्टीको अध्यक्षमा आफ्नो श्रीमती रञ्जिता श्रेष्ठलाई राख्नुभयो । जेलमै भएको बेला २०७९ को चुनावमा भाग लियो । उहाँले संघीय संसदमा चार जना र प्रदेश सभामा १२ जना सांसद पनि जिताउनुभयो ।

यसमा रेशम चौधरीको दिमाग भएपनि रञ्जिता श्रेष्ठको मेहनत थियो । उहाँ एक कार्यकाल पुन अध्यक्ष बन्न खोज्नु भएको थियो । यो कुरा उहाँले पार्टीमा पनि राख्नुभयो तर रेशम चौधरीले आफै अध्यक्ष बन्ने चासो लिन थालेपछि रञ्जना बाध्य भएर पछाडि हट्नु भएको स्रोतको दावी छ । महाधिवेशनको मिति तय भइसक्दा पनि रेशम चौधरी आफू पार्टीको अध्यक्ष हुने कुरामा बाहिर ल्याउनु भएको थियो । रञ्जिता नै अध्यक्ष हुने कुरा पार्टीका नेता तथा कार्यकर्तासमक्ष राख्नुहुन्थ्यो तर अचानक उहाँले आफू नै अध्यक्ष बन्ने भनेपछि रञ्जिता अच्चममा पर्नुभएको थियो ।

रेशम चौधरीले आफू नै अध्यक्ष बन्ने अडि कसेपछि रञ्जिता रुष्ट भएर महाधिवेशन अस्थल नै छाडेर काठमाडौका लागि हिड्नु भएको थियो । रेशम चौधरी अध्यक्ष बन्नुभयो तर रञ्जिता श्रेष्ठका लागि कुनै ठाउँ तय गर्नुभएन । स्रोतका अनुसार रेशम चौधरीले रञ्जिता श्रेष्ठलाई भन्नुभएको थियो, म पार्टी चलाउछु, तपाई सरकार चलाउनुस् ।' तर रञ्जिता श्रेष्ठलाई त्यसमा चित्त बुझेको थिएन । मन्त्री कति दिनका लागि हो र पार्टीको कार्यकारी अध्यक्ष भएपछि त्यसको आफ्नै महत्व हुन्छ, भोली नै मन्त्रीबाट हटेपछि राजनीति नै चौपट हुन्छ भनि पार्टीको अध्यक्षमै उहाँको आँखा थियो तर रेशम चौधरीले नमानेपछि बाध्य भएर पछाडि हट्नु भएको थियो । यो कारणले केही दिन उहाँ दुई जनाको बिचमा कुराकानी समेत पनि भएन । पार्टीका एक नेताका अनुसार उहाँलाई पार्टीमा सहअध्यक्ष दिने तयारी भइरहेको छ । रेशम चौधरीले पार्टीभित्र यो विषयमा कुराकानी गरिरहनु भएको छ । तर रञ्जिता सहअध्यक्ष बन्न रुचाउनु भएको छैन । सदुरपश्चिम प्रदेशका प्रदेश सांसद लक्ष्मण किशोर चौधरीका अनुसार रञ्जिता श्रेष्ठका चाहना पनि अध्यक्ष बन्ने नै थियो तर उहाँ दुवै जनाले के कुरा मिलाउनु भयो थाह भएन तर अध्यक्षको आकाँक्षी रञ्जना पनि रहनु भएको थियो । अध्यक्ष रही सकेका व्यक्ति कसरी सहअध्यक्ष रहला त्यो पनि प्रश्न महाधिवेशनमा उठेको थियो । रेशम चौधरीले महाधिवेशनभन्दा पहिले रञ्जितालाई अध्यक्षमा नै निरन्तरता दिने सञ्चारमाध्यममा भनेका कुरा पनि लक्ष्मण किशोर चौधरीले बताउनुभयो । रेशम चौधरीले सरकारबाट आममाफी भएर जेलबाट बाहिर निस्कनु भएको हो । आममाफी पाएपछि उहाँमाथि लागेको दोष पनि समाप्त हुन्छ के हुन्छ अझै खुलेको छैन । तर उहाँमाथि फौजदारी अभियोग लागेको कारण जेल बस्नुभएको थियो । उहाँले अजिवन कारावास पाउनु भएको थियो ।

उहाँ दोषी प्रमाणित भइसकेको हुनाले चुनाव लड्न पाउने छैन, पार्टीको अध्यक्ष भएर पार्टी सञ्चालन गर्न सक्नेछैन । यस विषयमा निर्वाचन आयोग पनि मौन छ । महाधिवेशन भएपछि पार्टीलाई अध्यावधिक गराउन आएको बेला कानुन अनुसार छ कि छैन भनि खोजविन गर्ने हो, कानुन अनुसार सबै ठिक छ भने अध्यावधिक हुन्छ ठिक छ भने हुँदैन भन्दै निर्वाचन आयोगमा प्रमुख आयुक्तले रेशम चौधरीको बारेमा अहिले नै केही बोल्ने अवस्था नरहेको बताउनुभयो ।

# भारतीय पर्यटकलाई अलपत्र पार्ने सरकारको नीति !

लुम्बिनी प्रदेशका पर्यटन व्यवसायीले भारतीय पर्यटक मुलुक आउँदा साथमा ल्याउने रकमको दायरा बढाउन माग गरेका छन् । सरकारी नियम अनुसार एक जना भारतीय पर्यटकले साथमा २५ हजार भारतीय रुपियाँ मात्र ल्याउन पाउँछन् । जसले गर्दा भारतीय पर्यटकले चाहेर पनि यहाँ धेरै रकम खर्च गर्न पाइरहेका छैनन् ।

अर्कोतर्फ रकम अभावमा मुलुकका धेरैजसो गन्तव्य घुम्न नपाउने भारतीय पर्यटकको गुनासो छ । यहाँका पर्यटन व्यवसायीले खर्च सकिएर भारतीय पर्यटक अलपत्र पर्ने गरेको बताउँछन् । पर्यटन व्यवसायी श्रीचन्द गुप्ताले सहारा टाइम्ससँग कुरा गर्दै भन्नुभयो, 'सरकारको अव्यावहारिक निर्णका कारण भारतीय पर्यटकलाई हैरानी भइरहेको छ । घुम्न आएका पर्यटकले मनलाग्दी खर्च गर्न पाउने प्रावधान समेत छैन, कसरी पर्यटन क्षेत्रबाट मुलुकको समृद्धि सम्भव होला ?'

कम्तीमा एक लाख भारुसम्म बोकेर आउन पाउने व्यवस्था सरकारले बनाउनुपर्ने आफूहरु यसबारे पटकपटक मन्त्रीदेखि प्रधानमन्त्रीसम्मलाई जानकारी गराए तर २५ हजार भारुको सीमा नहट्नुमा सरकारले भारतीय पर्यटकलाई दुख दिन चाहेको कुरा प्रष्ट भएको उहाँले बताउनुभयो । रकमको दायरा नबढाएर भारतीय पर्यटकलाई नेपाल ल्याई अलपत्र पार्ने नीति सरकारको देखिएको गुनासो गर्दै उहाँले नेपालमा पर्यटक विकास नभएको कारण यस्तै यस्तै नियम रहेको टिप्पणी गर्नुभयो । नेपाल घुम्न आएका पर्यटकले मनपरी खर्च गर्न पाए पो नेपाललाई फाइदा हुन्छ, त्यो कुरा सरकारले नबुझेको होइन तर कहाँबाट कुरा बिग्रिरहेको आफूले बुझ्न नसकेको उहाँले बताउनुभयो ।

बाँकेको नेपालगन्जका पर्यटन व्यवसायी श्रीराम सिग्देलले पुरानै नियमले भारतीय पर्यटक पीडित बनेको बताउनुभयो । उहाँका अनुसार पहिले २५ हजार भारुले घुमफिर गर्न पुग्थ्यो । अहिले त्यति रकमले एकदिन पनि धान्न नसक्ने अवस्था रहेका उहाँले बताउनुभयो । देशको पर्यटन व्यवसायी नै भारतीय पर्यटकले चलेको हो, नेपालको अधिकांश गन्तव्यमा भारतीय पर्यटक पुगिरहेका हुन्छन् तर खर्च नै गर्न नपाएको कारण उनीहरु पनि निराश हुने गरेको पर्यटन व्यवसायीहरुको गुनासो छ ।

रुपन्देहीको भैरहवाका पर्यटन व्यवसायी सञ्जय बजिमयले भारतीय पर्यटकले नेपाल आउँदा २५ हजार भारतीय रुपियाँ (भारु) मात्र नगद बोकेर आउन पाउने नियमले सबैलाई समस्या भइरहेको बताउनुभयो । उहाँका अनुसार यहाँका सिमावर्ती सहरमा भारतीयलाई लक्षित गरेर धमाधम क्यासिनो सञ्चालन भइरहेका छन् । त्यस बाहेक पोखरा, चितवन, काठमाडौं र मुक्तिनाथसम्म भारतीय पुगिरहेका छन् । तर, उनीहरुले

बाँकी पृष्ठ ९ मा

## फरकमत

# पुजाहरुको रजगज कहिलेसम्म ?



सुनैनाकुमारी यादव

माघ ११ गते राष्ट्रिय सभा सदस्यका लागि हुने चुनावमा जनता समाजवादी पार्टी नेपालले मधेश प्रदेशमा रौतहटका पुजा चौधरीलाई उम्मेदवार बनाएको छ । एउटा महिला उम्मेदवार बन्नु हामी महिलाका लागि निकै खुशीको कुरा हो । तर महिलामा पनि कस्तो महिलाले पाए त्यो मुख्य प्रश्न हो । हाम्रो मधेशमा एउटा भनाइ छ, 'ककरो धोकरी धोकरी नुन, ककरो रोटियो प ने नुन ।' अर्थात कसैलाई पोकाको पोका नुन कसैलाई रोटीमा पनि छैन नुन ।

पुजा चौधरीले आफ्नो क्षमता र योगदानले राष्ट्रिय सभा सदस्यको टिकट पाएको भए, यसमा महिलाहरुले गर्व गर्थे र कसैले प्रश्न उठाउने थिएन तर उहाँले आफ्नो क्षमता र योगदानले टिकट पाउनु भएको होइन । उहाँको बुवा गोविन्द चौधरी (रौतहट)ले पार्टीमा अडान लिएपछि उहाँले सो पद पाउनु भएको हो । यदि राष्ट्रिय सभा सदस्यको त्यो सीट पुरुषको भएको भए गोविन्द चौधरीको दावी थियो । पार्टीमा उहाँले जवर्जस्त रुपमा उहाँले आफ्नो लागि बार्गेनिङ गरिरहनु भएको थियो तर जब पार्टीले महिला कोटा पायो अनि गोविन्द चौधरीले आफ्नो छोरीको नाम अघि सार्नुभयो । उहाँको छोरीले यसअघि पनि यस्तै अवसर पाउनु भएको थियो । २०७९ को प्रदेश सभा चुनावमा मधेश प्रदेशको प्रदेश सभा सदस्यका लागि चुनाव लड्न टिकट पाउनु भएको थियो त्यो पनि बुवा गोविन्द चौधरीको बलमा मात्र । गोविन्द चौधरीले नै टिकट खोज्नु भएको थियो तर उहाँले टिकट पाउने अवस्था नआएपछि छोरीलाई टिकट दिलाउनु भयो ।

गोविन्द चौधरी जसपाको कार्यकारिणी सदस्य हुनुहुन्छ । पछिल्लो समय पार्टीमा उहाँको प्रभाव बढ्दै गएको छ । बार्गेनिङ पावर पनि बढ्दै गएको छ उहाँको । उहाँ महन्थ ठाकुरको साथमा जसपामा आउनु भएको थियो । जसपा विभाजन गरेर महन्थ ठाकुरहरु निस्किनुभयो तर गोविन्द चौधरीलगायत केही नेताहरु उपेन्द्र यादवकै साथमा बस्नुभयो । त्यसले गर्दा उहाँको केही बार्गेनिङ पावर बढेको हो ।

आफू कुनै पदका लागि दावी गर्ने, यदि सो पद आफू नपाएपछि आफ्नो परिवारका कुनै सदस्यलाई दिलाउने परिपाटी हरेक दलमा देखिन्छन् । कुनै लाभको पद छ भने पहिला आफ्नो परिवारका सदस्यलाई हेर्छन्, आफ्नो परिवारमा भएन भने आफन्तलाई हेर्छन् आफन्त कोही भेटिएन भने मात्र अरुतिर हेर्छन् । जसपा नेपाल मधेश आन्दलोलनबाट जन्मेको पार्टी हो । यो गणतन्त्र ल्याउनमा न गोविन्द चौधरीको कुनै योगदान छ न पुजा चौधरीको । देशमा जनआन्दोलन-२ को तयारी भइरहँदा गोविन्द चौधरी तत्कालिन राजा ज्ञानेन्द्र शाहलाई पर्सामा स्वागत गरिरहनु भएको थियो । जनआन्दोलन सुरु भएपछि उहाँ ज्ञानेन्द्र शाहले कु गरेर गठन गर्नुभएको शाही सरकारको कृषि राज्यमन्त्री हुनुहुन्थ्यो ।

मधेश आन्दोलन सुरु हुँदा पनि उहाँ राजतन्त्र पक्षधर नै हुनुहुन्थ्यो । उहाँ कहिले आन्दोलनमा आउनु भएन । आन्दोनल सफल भएपछि संविधानसभा चुनावको तयारी चलिरहेको बेला उहाँ तत्कालिन तमलोपामा प्रवेश गर्नुभएको थियो र संविधान सभा चुनाव जित्नु भएको थियो । त्यसपछि उहाँले पटक पटक पार्टी फेर्दै चुनाव लड्दै हार्दै जसपासम्म पुग्नुभयो ।

२०७९ को चुनावमा उहाँ आफै चुनाव लड्ने तयारीमा हुनुहुन्थ्यो तर उहाँको क्षेत्र एमालेको भागमा परेपछि जसपाका अध्यक्ष उपेन्द्र यादवलाई दबाव दिएर आफ्नो छोरी पुजा चौधरीलाई प्रदेश सभा सदस्यको टिकट दिलाउनु भएको थियो । तर पुजा चौधरी चुनाव जित्नु भएन । गोविन्द चौधरीको पारिवारीक पृष्ठभूमी घनघोर राजतन्त्र पक्षधर हो । उहाँका बुवा रामसुरत चौधरी तीन दाजु भाइ हुनुहुन्थ्यो । गोविन्द चौधरीका ठूलो बुवा केवल चौधरी राजपरिवारसँग सिधै सम्बन्ध राख्ने व्यक्ति हुनुहुन्थ्यो । र, राज्यसाभको आजिवन सदस्य पनि हुनुहुन्थ्यो । अर्का माइलो बुवा करिऔत चौधरी गाउँपंचायतका मुखिया (गाउँपालिका अध्यक्ष) हुनुहन्थ्यो । उहाँ गाउँमा चुनाव हारेको कुनै इतिहास छैन । उहाँ चुनाव लड्न सुरु गरेदेखि पञ्चायती

बाँकी पृष्ठ ९ मा

लेख



■ श्रीमन नारायण मिश्र

# स्मृति दिवसमा परिणत हुँदै मधेश आन्दोलन

नेपालको संविधान २०७२ को निर्माण भएको ८ वर्ष बितिसकेको छ । ८-९ वर्षअघि यसै चिसोमा मधेश केन्द्रित राजनीतिक दलहरुले दक्षिणी सिमानालाई अवरुद्ध पार्ने गरी गरेको आन्दोलनले नेपालको राज्य सत्तालाई हल्लाई दिएको थियो तर आन्दोलनको नेतृत्व गरिरहेका सङ्घीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव र सदभावना पार्टीका अध्यक्ष राजेन्द्र महतो बिचको सर्वोच्चता र अहंकारका कारण त्यो आन्दोलन बिना कुनै उपलब्धि टुङ्गिएको थियो ।

त्यस पछिका आठ वर्षमा कुनै पनि मधेशी दलले आन्दोलन गरेको इतिहास छैन् । छ दल मिलेर बनेको राष्ट्रिय जनता पार्टीले २०७४ सालमा स्थानीय तहको निर्वाचनको विरोधमा गरेको आन्दोलन केवल मधेश प्रदेशमा संख्या बढाउनका लागि मात्रै थियो । त्यसै गरी जनमत पार्टीले जनकपुरका एकजना कुशवाहा थर भएका इञ्जिनियरलाई भ्रष्टाचारी घोषित गरी उहाँलाई कालोमोसो दलेको घटनालाई पनि आन्दोलनको संज्ञा दिन सकिदैन । जनमत पार्टीले एक पटक सिरहामा उखु किसानका समस्यालाई पनि उठाउने प्रयास गरेको थियो । तर जनमत पार्टीको अधिकांश आन्दोलन प्रतिकात्मक र प्रचारात्मक हुने गर्दछ तसर्थ यसको कुनै अर्थ हुदैन, न त यो परिणाम मुखी नै हुन्छ न त यसको निरन्तरता नै रहन्छ ।

सत्तामुखी राजनितिका कारण मधेश प्रदेशमा समेत स्वतन्त्र पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टी र नेकपा एमालेप्रति जनताको बढदो आकर्षण मधेसी दलको निम्ति चिन्ताको विषय हुनुपर्छ । हुनत, मधेशका मुद्दालाई लिएर बिक्रम सम्वत २०१० सालतिर तराई काँग्रेस त्यसपछि रघुनाथ ठाकुर, रामजी राय, त्रिपाठी, डा.लक्ष्मी नारायण झा, (मिथिला देशम) र विक्रम सम्वत २०४६ सालको आन्दोलनको सफलतापछि नेपाल सदभावना पार्टीले १७ वर्षमा निरन्तर रुपमा सडक र संसदमा समेत मधेशका मुद्दालाई सशक्त रुपमा उठाउने काम नेपाल सद्भावना पार्टीले गरिरहयो । के हिमाल, के पहाड र के तराई चारैतिर सार्वजनिक स्थलहरुमा "गर्व से कहु हम मधेसी छि....." को नारा दिने नेकपा माओवदी केन्द्रको मधेशी राष्ट्रिय मुक्ति मोर्चाको अभियानलाई पनि महत्व दिनु पर्छ ।

मधेशका लेखक र विद्वानहरुले आफ्नो विचार र अभिव्यक्तिमार्फत अध्ययन र अनुसन्धानमार्फत र केही अधिवक्ताहरुले मधेशी आन्दोलनकारीको पक्षमा सःशुल्क, न्यून शुल्क अथवा निशुल्क मुद्दा लड्नु पनि एक किसिमको सहयोग नै थियो । कुनै पनि यज्ञको पूर्णता एक्लो यजमान र पुरोहितको प्रयासबाट मात्र सम्भव नभई त्यसमा काम आउने प्रत्येक सामग्री र आयोजकका प्रत्येक पारिवारिक सदस्यहरु समेतको प्रत्यक्ष र अप्रत्यक्ष सहयोगबाट मात्र सम्भव भए जस्तै राजनितिक दलहरुको आन्दोलनको सफलतामा पनि धेरै पक्षको भूमिका रहेको हुन्छ तर राजनितिक दलका नेताहरु सत्तामा पुगेपछि केवल आफूलाई मात्रै एक्लो बृहस्पति ठानी रहेका हुन्छन् ।

विगत आठ वर्षमा मधेशी दलहरु मात्रै होइन, देशका कुनै पनि ठूलो दलले पनि आन्दोलन गर्न सकेको उदाहरण छैन । यसको अर्थ दलहरुले जनता प्रतिको विश्वास गुमाएका छन् । राजनीतिज्ञ र राजनेतामाथि जनताको विश्वास कम हुनु अथवा बिल्कुलै न हुनु व्यवस्था प्रतिको विकर्षण अथवा अनाशक्तिलाई देखाउँदैछ । जुन खतरनाक संकेत हो । मधेशका मुद्दालाई प्राथमिकतामा राखेर राजनीति गर्ने काम धेरै दलहरु गरे तर यसलाई जनआन्दोलन बनाउने काम उपेन्द्र यादवले मात्रै गरे शायद त्यही भएर होला मधेश आन्दोलन शब्दको प्याटेण्ट नै उनले आफ्नो निम्ति गरेको जस्तो भाष्य स्थापित भएको छ, अथवा गरिएको छ । हुन पनि २०६३ सालमा भएको मधेश आन्दोलनको नेतृत्व एक्लो उनको नेतृत्वको पार्टीले मात्रै गरेको थियो ।

२०६३ चैत्रको दोस्रो सातामा भएको गौर घटनाले उनको आन्दोलनलाई पूर्ण रुपले स्थापित गर्ने काम गर्यो । यद्यपी त्यस वर्षको आन्दोलन बिना कुनै उपलब्धी तुहिएको थियो । उपेन्द्र यादव भूमिगत हुन बाध्य भएका थिए र चारैतिरको दबावका कारण २०६४ सालको भदौमा (संभवतः २६ गते) तत्कालिन उपप्रधान एंव गृहमन्त्री रामचन्द्र पौडेलसंग वार्तामा बस्न र सहमतीमा हस्ताक्षर गर्न बाध्य थिए । त्यस सहमतिको विरोध गर्दै फोरमका तत्कालिन नेताहरु भाग्यनाथ गुप्ता, किशोर कुमार विश्वास र जितेन्द्र कुमार, सोनलहरुले पार्टी परित्याग गरेका थिए ।

२०६३ चैत्रको दोस्रो सातामा भएको गौर घटनाले उनको आन्दोलनलाई पूर्ण रुपले स्थापित गर्ने काम गर्यो । यद्यपी त्यस वर्षको आन्दोलन बिना कुनै उपलब्धी तुहिएको थियो । उपेन्द्र यादव भूमिगत हुन बाध्य भएका थिए र चारैतिरको दबावका कारण २०६४ सालको भदौमा (संभवतः २६ गते) तत्कालिन उपप्रधान एंव गृहमन्त्री रामचन्द्र पौडेलसंग वार्तामा बस्न र सहमतीमा हस्ताक्षर गर्न बाध्य थिए । त्यस सहमतिको विरोध गर्दै फोरमका तत्कालिन नेताहरु भाग्यनाथ गुप्ता, किशोर कुमार विश्वास र जितेन्द्र कुमार, सोनलहरुले पार्टी परित्याग गरेका थिए

नेपालको अन्तरिम संविधान २०६३ मा संघीयता शब्द नलेखिएको विरोधमा नेसपा आनन्दीका नेता भारत विमल यादवले अन्तरिम संविधानमा आफ्नो लिखित असहमति पनि जनाएका थिए । पार्टीले यसको विरोधमा २०६३ पुष ११ गते मधेश बन्दको आह्वान पनि गरेको थियो । सोही बन्दमा नेपालगञ्जमा प्रहरीको गोली लागी कमल गिरी मारिए । त्यस घटनाको क्यासेट बनाई मधेशका गाउँ-गाउँमा फैलाउने काम भयो । नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)ले आफ्नो पक्षमा जनमत बनाउने काम पनि नगरेको होइन तर अन्तरिम सरकारमा पार्टी सामेल हृदयेश त्रिपाठीलाई हटाएर राजेन्द्र महतोलाई कसरी मन्त्री बनाउने भन्ने विषयमा मात्रै सो पार्टी लागि रहयो । तत्कालिन मधेशी जन अधिकार फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव मधेशी मुद्दाको सवालमा सर्वाधिक अध्ययन गर्ने केही सिमित मधेशी नेतामध्येका सर्वोत्कृष्ट हुन् । उनी माओवादीबाट बाहिरिएका थिए र मधेशको नेतृत्व लिने अवसरको प्रतिक्षामा थिए । नेपालको अन्तरिम संवविधान २०६३ जारी भए लगतै, उनले त्यसको प्रतिलिपीलाई काठमाण्डौंको माइतीघर मण्डलमा जलाउने काम गरे, उनलाई त्यसमा सहयोग गर्नेहरुमा तत्कालिन नेपाल सदभावना पार्टीका थुप्रै नेताहरु थिए । सरकारले उपेन्द्र यादव र रामेश्वर राय यादवसहित दर्जनौं नेता एंव कार्यकर्ताहरुलाई पक्राउ गर्यो । हिरासतमा उनीहरुलाई यातना दिइएको विषयले मधेशमा आक्रोश फैलाउने काम गर्यो ।

तत्कालिन सात दल र माओवादीको हिटलरशाहीले जनतालाई आक्रोशित बनाइरहेको थियो । मधेशका जिल्लामा उपेन्द्र यादवको रिहाइका माग गर्दै जनता सडकमा आउन थाले २०६३ माघ ५ गते सिरहाको लहानमा भएको विरोध प्रदर्शन पनि यसै कारणले थियो तर माओवादीका नेता मातृकाप्रसाद यादव त्यस लहान बन्द कार्यक्रमको अवज्ञा गर्दै अगाडी बढन खोजेका थिए । सुरेश कार्कीका अंगरक्षकका रुपमा रहेका सियाराम ठाकुरले चलाएको गोली लागेर कक्षा १० पढ्ने रमेश महतोको निधन भएको थियो । रमेश महतोको बलिदानले मधेशमा आन्दोलनको आँधिबेरी सृजना भयो । उपेन्द्र यादव त मधेशका सबै भन्दा ठूला नेता सावित भए, उनको पार्टीले निकै कम समयमा देशका स्थापित ठूला दलहरुको जनाधारमा पनि ठूलो क्षति पुर्याउने काम गर्यो ।

वि.सं.२०६४ सालको मधेश आन्दोलमा उपेन्द्र यादव, महन्थ ठाकुर नेतृत्वको तमलोपमा र राजेन्द्र महतो नेतृत्वको सदभावना पार्टीको संयुक्त प्रयासबाट आन्दोलन सफल भयो र आठ बुदैं सहमती गर्न सरकार बाध्य भयो । पहिलो संविधानसभामा मधेशी दलले राम्रो सफलता पनि हासिल गर्यो । तर पाँच वर्षका अवधिमा फोरमबाट फुटेर फोरम लोकतान्त्रिक फोरम गणतन्त्रिक र राष्ट्रिय मधेश समाजवदी पार्टी गठन भयो भने सदभावनाबाट संघीय र राष्ट्रिय सदभावना तथा तमलोपाबाट तराई मधेश सदभावना पार्टीको गठन भयो ।

फोरम लोकतान्त्रिकको गठन कट्वाल प्रकरणको कारण भएको थियो तर बाँकी दलहरु अस्तित्वमा आउनुको कारण पद र सत्ताको अहङ्कार थियो, स्वार्थ थियो । मधेशका मुद्दा थिएनन् । मधेशी दलले चाहेको भए पहिलो संविधानसभामै आफू अनुकुल संविधान बनाउन सक्थे तर उपेन्द्र यादवको निस्क्रियता र अन्य मधेशीदलको अनिच्छाका कारण पहिलो संविधानसभा अकारण विघटन गरियो । दोस्रो संविधान सभामा मधेश दल यस्तो कमजोर भए कि कतिपय मधेशी नेता आफू हरेपछि आफ्नी श्रीमती र नातेदारलाई समानुपातिक प्रणालीबाट संविधान सभामा पठाउन बाध्य भए ।

संविधानको निर्माण तिनको प्राथमिकतामा थिएन । आफ्नो प्राइवेट लिमिटेड कम्पनीको अनरसिपको हस्तानान्तर गर्नु थियो । दोस्रो संविधानको सदुपयोग यिनीहरुले गर्न सकेनन् । तसर्थ वर्तमान संविधानको निर्माणमा यी दलहरुको कुनै भूमिका छैन । अहिले देशमा जे जस्तो किसिमका संघीय संरचना देखिएको छ, त्यसको हकदार पनि ठूला दलहरु नै छन् । समावेशिता (आरक्षण) को हकदार पनि ठूलादलहरु नै हुन् । संविधानमा प्रत्येक राम्रा प्रावधान र विकृतिहरुका जिम्मेवार पनि ठूला दल नै हुन् । अब मधेशी दलहरु सित कुनै राजनिति मुद्दा रहेको छैन । आठ जिल्लाको मधेश प्रदेश स्वीकार गरेकै हुन् । मधेश नामाकरण आफैले गरेका हुन् । खस आर्यको निम्ति आरक्षण स्वीकार गरेकै छन् राष्ट्रिय सभाको संरचनालाई स्वीकार गरेकै हुन्, पृथ्वी दिवसको विदा लागू गरेकै छन् । स्थानीय तहको संरचना स्वीकार गरेकै छन् । नेपाली भाषालाई कामकाजको भाषा स्वीकार गरेकै छन ? अब बाँकी मुद्दा के ? कसैलाई प्रधानमन्त्री र राष्ट्रपति बन्ने चाहना होला भन्ने ? दिउँसो तारा हेर्ने छुट सबैलाई छदैछ । अब मधेश मुद्दालाई तिलाञ्जली दिने काम भई सकेको छ । वार्षिक रुपमा तर्पण दिने र श्राद्ध गर्ने काम हुँदै आएको छ । विगत ६ वर्षमा एउटा कारखाना खुल्न सकेन । प्रथम मुख्यामन्त्रीमाथि भ्रष्टचारको आरोप लागेको छ । भरसक त्यस मन्त्रीमण्डलका प्रत्येक सदस्यमाथि आरोप लागेको छ । वर्तमान मन्त्रीपरिषद पनि आलोचनामा आइसकेको छ । विभिन्न थरिका आयोगहरु बनेका हुन् तर त्यसका अध्यक्ष र सदस्यहरुले तलबभत्ता बुझ्नु बाहेक खासै काम गरेका छैनन् । तसर्थ मधेश आन्दोलनको मर्मलाई बुझ्ने काम भएको मान्न सकिदैन ।

*(लेखक श्रीमननारायण राजनीतिज्ञ एवं लेखक हुनुहुन्छ)*

अन्तरवार्ता

# काठमाडौँलाई बाह्रै महिना पानी खुवाउने उपायको खोजीमा छौं



**महिन्द्रराय यादव**, मन्त्री, खानेपानी मन्त्रालय

**विश्वव्यापी वतावरवणीय प्रभावका कारण पानीको हाहाकार हुने अवस्था देखिएको छ। हिमालमा पनि हिंउ झरेको छैन, जसले गर्दा हिमाली क्षेत्र पनि सुख्खा हुन थालेको छ। तराई मधेशमा पनि पानी नपरेको धेरै भइसक्यो। त्यसले गर्दा तराई मधेशमा पनि खानेपानीको हाहाकार सुरु भएको छ। यता, मेलम्चीबाट खानेपानी नआउँदा उपत्यकामा पनि खानेपानीको समस्य देखिएको छ। तर खानेपानी मन्त्री महिन्द्रराय यादव उपत्यकामा खानेपानी ल्याउन भरपुर प्रयास गर्नुभएको छ। काठमाडौं उपत्यकमा खानेपानी आइसकेको छ। माघ १ गते प्रधानमन्त्री प्रचण्डले शुभारम्भ गरेपछि त्यो सर्वसाधारणका लागि वितरण हुनेछ। यिनै खानेपानी समस्या लगायतका विषयमा सहारा टाइम्सले खानेपानी मन्त्री महिन्द्रराय यादवसँग गरेको कुराकानीको सम्पादीत अंशः**

**ग्लोबल वार्मिङका कारण जलस्रोतकै देश नेपालमा पनि खानेपानीको हाहाकार भइरहेको छ, खानेपानी मन्त्रालयले यसको व्यवस्थापन कसरी गरिरहेको छ ?**

तपाईले ठिक भन्नुभयो, खानेपानी तथा जलको समस्या विश्वव्यापी रुपमा देखिन थालिएको छ। पानी कम परेको कारण नदी नालाहरु पनि सुक्न थालेका छन्। पृथ्वीमा रहेको पानीको स्रोतहरु पनि सुक्न थालेका छन् जसले गर्दा जतातते पानीको अभाव देखिएको छ। यसका लागि सरकार गम्भीर रुपमा लागेको छ। यसको समाधान एक दिनले मात्र हुँदैन। यसको दीर्घकालिन समाधानका लागि प्रयासहरु भइहरेका छन्। विभिन्न अन्तरराष्ट्रिय संघ संस्था र दातृ निकायसँग छलफलहरु भइरहेका छन्। पानीको क्षेत्रमा काम गर्ने विभिन्न निकायसँग यसका दीर्घकालिन समाधानका उपायहरु के के हुनसक्छन्, पानीको हाहाकारलाई कसरी न्युनिकरण गर्न सकिन्छ त्यस बारेमा अध्ययन गर्न मन्त्रालय गम्भीर रुपमा लागेको छ।

**प्रारम्भिक अध्ययनले के देखाउँछ त ?**

मुख्य कुरा हामीले बाहिरबाट कृत्रिम पानी ल्याउन सक्दैनौ। हामीसँग भएको स्रोत साधनबाट नै त्यसको जगेर्ना गरी पानी उपलब्ध गराउने हो। पृथ्वीमा पाइने पानीको तीन प्रतिशत मात्र खानेपानीका लागि प्रयोग हुन्छ। अरु बाँकी पानी खेती किसानी तथा औद्योगिक प्रयोजनका लागि जान्छ। यसो भनौ न पृथ्वीमा रहेको पानीमध्ये ९० प्रतिशत पानी कृषिमा प्रयोग हुन्छ र बाँकी रहेको पानी पिउन र उद्योग धन्दमा प्रयोग हुन्छ। यसर्थ हामीले खानेपानीलाई कम गर्न सक्दैनौं। हामीले कृषिमा प्रयोग हुने पानी र उद्योग धन्दामा प्रयोग हुने पानीलाई कसरी समायोजन गर्ने त्यसमा ध्यान दिनुपर्छ।

कृषिमा जथाभावी पानी प्रयोग भइरहेका हुन्छन्। कृषिमा थोरै पानी कसरी प्रयोग गर्ने, थोरै पानी प्रयोग गरेपनि उब्जाउ हुने जस्ता उपाय निकाल्नु पर्छ। त्यसका लागि कृषि वैज्ञानिकले अध्ययन अनुसन्धान गर्नुपर्छ। त्यस अनुसारको बिउ र जातको विकास गर्नुपर्छ। पछिल्लो थोपा सिँचाइको प्रभावकारिता पनि बढ्दै गइरहेको छ। कम पानी प्रयोग गरि गरिने खेतीको पनि विकास हुँदैछ। त्यस्तै अद्यौगिक प्रयोजनका लागि प्रयोगहरु पानी खेर गइरहेका हुन्छन्। त्यसलाई प्रशोधन गरी कृषिका लागि प्रयोग गर्न सकिन्छ।

यस्ता धेरै उपायहरु छन् जो पानीलाई कम प्रयोग गर्ने, खेर गइरहेको पानीलाई भण्डारण गर्ने, उद्योगबाट निस्केका पानीलाई प्रशोधन गरी पुनः प्रयोग गर्ने जस्ता उपायहरु अपनाई मात्र पानीको हाहाकारबाट बच्न सकिन्छ। कोकाकोला, पेप्सीलगायतका पेयपदार्थ उत्पादन गर्ने कम्पनीले पानीको धेरै प्रयोग गरिरहेका छन्। तर उनीहरुले सामाजिक दायित्वअन्तर्गत सेवाका क्षेत्रमा भने काम गरेको देखिन्न। त्यस्ता उद्योगलाई पनि एउटा निश्चित दायरामा ल्याउन कोसिश भइरहेको छ। एउटा रिर्पोर्टले बताए अनुसार सन् २०२५ सम्म दुई अर्ब मानिस पानीको तीब्र अभाव भोग्न सक्छ। यसले विश्वलाई गम्भिर बनाएको छ जसले गर्दा पानीको विकल्प बारे सोच्न सबैलाई बाध्य बनाएको छ।

**यो त विश्वको समस्या हो, नेपालमा त समस्या सुरु भइसकेको छ, त्यसलाई कसरी समाधान गर्ने खोज्नु भएको छ ?**

अहिले जति पनि उपायहरु देखिएका छन् ती दीर्घकालिन समाधान होइन। मेलम्चीको पानी काठमाडौ आउन सुरु भएको छ त्यो पनि दीर्घकालिन समाधान होइन। दीर्घकालिन समाधानका लागि अझै धेरै काम गर्न बाँकी छ। अर्को कुरा, मैले अघि पनि भनेको थिए कि मानवले पानी प्रयोगमा आफ्नो बानी सुधार गर्नुपर्छ। पानी स्रोतहरु कम हुँदै गएका छन् तर पानी प्रयोगमा वृद्धि नै भइरहेको छ। पहिलाका मानिस एक ग्राग्री वा एक बाल्टी पानीले नुहाउथे अहिले छतमा ट्यांकी राखेका छन्। त्यसमा स्टोर गरिएको पानीले नुहाउँछन्। पहिला पहिला मानिसहरु खोलानाला, तलाब, पोखरीमा नुहाउन जान्थे। जति नुहाए पनि पानी खेर जाँदैन्थ्यो तर अहिले बाथरुममा नुहाउन थालेका छन्।

पहिला विभिन्न स्रोतबाट पानी भरेर ग्राग्रीमा ल्याउथे अहिले पृथ्वी मुनीबाट पानी तान्ने विभिन्न उपायहरु आइसकेका छन्। त्यसले गर्दा पनि चाहिने भन्दा बढी पानी खपत भइरहेको छ। तपाईल याद गर्नुभएको होला, पहिला पहिला मध्यपहाडीतिर एक गाग्री पानी लिन दिनभर लगाएर ल्याउन जान्थे। ल्याएर त्यसलाई जोगाई जोगाई खान्थे तर अहिले त्यो स्रोतबाट पाइप जडान गरी घरघरसम्म पानी पुर्याइएको छ र चाहिने भन्दा बढी पानी प्रयोग भइरहेको छ। त्यसैले म के भन्छु भने मानवनले पनि खानेपानी प्रयोगमा आफ्नो बानी सुधार गर्नुपर्छ।

**उपत्यका बासीलाई बाह्रै महिना पानी खुवाउनका लागि के उपाय लगाई रहनु भएको छ ?**

मैले अघि पनि भनेका थिए कि मेलम्चीबाट पानी ल्याउन अहिले जुन संरचना बनेको छ त्यसले काठमाडौँबासीलाई बाह्रै महिना पानी खुवाउन सकिदैन। तर उपाय अपनाउन सकिन्छ। वर्षातमा मेलम्चीको अभावमा पनि बागमतीसहितका खोलानाला र ढुङ्गेधारामा खेर गइरहेको पानीको भण्डारण गरी राजधानीवासीलाई बाह्रै महिना खानेपानी उपलब्ध गराउन सकिन्छ। त्यसको बारेमा अध्ययन भइरहेको छ। तपाईले याद गर्नुभएको होला, वर्षातमा थुप्रै पानी खेर गइरहेका हुन्छन्। त्यो पानीलाई स्टोर गरेर राख्न सकियो र सुख्खा समय वा अन्य समयमा प्रशोधन गरेर दिन सकियो भने कहिले अभाव हुँदैन। उपत्यकामा हेर्नुहुन्छ भने थुप्रै ढुङ्गे धाराहरु छन् जो मर्मतको अभावमा त्यतिकै बन्दको अवस्थामा छ। त्यसलाई रिचार्ज गरेर चलाउन सकिन्छ। कतिपय ढुगेंधारामा पानी आइरहेका हुन्छ तर ती प्रयोगविहिन अवस्थामा छन्। त्यसलाई प्रयोगमा ल्याउन सकियो भने धेरै हदसम्म पानीको समस्या **समाधान हुन्छ।**

**मेलम्चीबाट बाह्रै महिना काठमाडौं पानी ल्याउन कहाँ कहाँ समस्या छन् ?**

राष्ट्रिय गौरवको आयोजना मेलम्चीको दुईवटा समस्या छन्। लामो समय लगाएर निर्माण गरिएको आयोजनाको प्राकृतिक हिसाबले बाढी र पहिरोका कारण मुहान ४५ फिट पुरिएको छ। पहिला याङ्गी, लार्के र मेलम्ची खोलालाई एउटै ठाउँमा मिसाएर पानी ल्याउने योजना थियो। पछिल्लो घटनाले बेग्लाबेग्लै मुहान र सुरुङ बनाएर मूल प्रणालीमा ल्याउने भन्ने छ। त्यसमा समय लागि रहेको छ। अहिले अस्थायी रुपमा पानी ल्याइएको हो। स्थायी प्रकृतिको संरचना बनाउन सडकको पहुँच विस्तार आवश्यक छ। काठमाडौंमा जबसम्म दैनिकरुपमा ५१ करोड लिटर पानी उपलब्ध हुन्न, तबसम्म यहाँ पानीको समस्या समाधान हुन्न। आयोजना सरकारको पूर्ण स्वामित्वमा छैन, कम्पनी ऐनअन्तर्गत समिति गठन भएको छ। आयोजनाको अब पुनर्संरचना गर्न सकिएन भने दिगोरुपमा पानी ल्याउन सकिन्न। मेलम्चीको पानी यहाँका जनताको सपना हो। बर्षातमा बागमतीको खेर जाने दैनिक थप पाँच करोड लिटर पानी हालको प्रणालीमा ल्याउन बोलपत्र भएको छ। वातावरण प्रभाव मूल्याङ्कन र रोयल्टीका कुराले भने केही अल्झन खडा गरेको छ। यो सेवामुलक कार्य हो। असार, साउन र भदौ तीन महिना ढुङ्गेधारा, बाग्मती र अरु स्रोत एवं सहायक नदीबाट गरी दैनिक ११ करोड पानी ल्याउने प्रयासमा हामी लागि परेका छौं।

**खानेपानीका लागि नीतिगत सुधारका के कस्ता काम तपाईको मन्त्रालयबाट भइरहेको छ ?**

म मन्त्रालयको जिम्मेवारी सम्हाल्दा बजेटमा समावेश गर्ने गर्ने कार्यक्रमहरु चयन भइसकेको थियो। त्यसमा म केही गर्न सकिनन्। सरकारले दिएको बजेटमध्ये २५ प्रतिशत बजेट कम दिएको छ। बजेट कम दियो तर समस्या जस्ताको त्यस्तै छ, यहाँसम्म कि समस्या बढ्दै गइरहेको छ। खानेपानीको क्षेत्रमा विभिन्न चुनौती बढ्दैछ तर अर्थमन्त्रालयबाट बजेट कटौती गरेर आएको छ। यसले हामीलाई काम गर्न अलि गाह्रो बनाएको छ। तैपनि नीतिगत, विकास निर्माण र जलवायुका परिवर्तनबाट देखिएका समस्यामा केन्द्रित रहेर कामहरु भइरहेका छन्। राष्ट्रिय खानेपानी सरसफाइ तथा स्वच्छता नीति, प्रशोधित फोहर पानी उत्सर्जन मापदण्ड, मेलम्ची खानेपानी विकास समिति गठन, २० बुँदे प्रतिबद्धता घोषणासहितका कामहरुको भएको छ। अब त्यसलाई कार्यान्वयनमा ल्याएर खानेपानी समस्यालाई समाधान गर्नेतर्फ नीतिगत रुपमै लाग्नुपर्छ।

**यी जुन नीतिहरु तपाईले भन्नुभयो त्यो कार्यान्वयमा आइसकेको छ कि आउन बाँकी छ ?**

सरसफाइ नियमावली निर्माणको चरणमा छ। नियमावली आएपछि राष्ट्रिय कार्यक्रम गर्छौं। प्रधानमन्त्रीको अध्यक्षतामा निर्देशन समिति छ। त्यसले 'स्वच्छ नेपाल : स्वच्छ नेपाली' भन्ने नारा तय गरेको छ। राष्ट्रिय गौरवको आयोजना मेलम्चीको बोर्डमार्फत काम अघि बढिरहेको छ। बजेट कार्यान्वयन कार्ययोजनाअनुसार माघभित्र मुलुकका सबै आयोजनाको ठेक्का प्रक्रिया गरिसक्नुपर्नेछ। त्यसमा सहमतिका लागि अहिले अर्थ मन्त्रालय पठाइएको छ। त्यो प्राप्त हुनासाथ टेण्डर प्रक्रियामा जान्छन्।

**पछिल्लो समय तराईमा पनि खानेपानीको समस्या देखिन थालेको छ, त्यसको विषयमा त्यहाँका जनताले तपाईलाई ध्यानाकर्षण पनि गराएको छ त्यसमा के भइरहेको छ ?**

तराईमा पानीको सतह घटेर निकै समस्या आएपछि इञ्जिनियर टोली खटाएर अध्ययन गर्न लगाइएको छ। त्यसले अध्ययन गरेको प्रतिवेदनका आधारमा त्यहाँको समस्या समाधान गर्नेतर्फ हामीलाई लाग्नेछौं। देशभरका दुई सय ६० वटा खानेपानी जम्मा गर्ने ठूला ट्याङ्कीको मर्मतसम्भारमा जोड दिइयो। जनतालाई सुलभ मूल्यमा खानेपानी आपूर्ति गर्न र राहत दिन विद्युत् महसुलमा लाग्दै आएको शुल्क घटाउने निर्णय भयो। यी कार्यक्रमसँग जोडेर अर्थ मन्त्रालयसँग तीन अर्ब रुपियाँ माग गरिएको छ। डोकोमा पानी बोक्ने समस्यालाई समाधान गर्न हामीले गण्डकी प्रदेशमा 'एक घर : एक धारा' को नीति अघि बढाएका छौं। अस्ति प्रधानमन्त्रीज्युले उठाएको कुरा के थियो भने धारामा पानी होइन, आँगनमा शुल्कको बिल छिटो पुग्ने गरेको छ। यो समस्या निराकरण गर्न बनाइएको समितिले दिने प्रतिवेदनका आधारमा आगामी ठोस पहल गरिने छ।

सन्दर्भः प्रणय दिवस

# अमिना र नेल्स



दक्षिण अफ्रिकी सरकारको रङ्गभेद विरोधी आन्दोलनमा अमिनाले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो ।

नेल्सन मन्डेला जेलबाट रिहा भएपछि पहिलो पटक आफूले अमिनालाई भेट्ने अवसर पाएको प्रख्यात पत्रकार सईद नक्वी बताउनुहुन्छ । त्यतिबेला अमिनाका श्रीमान युसुफ जीवित हुनुहुन्थ्यो ।

चाखलाग्दो कुरा के छ भने सन् १९४८ मा दक्षिण अफ्रिकाको भ्रमण गर्नुभएका अस्ट्रेलियाली क्रिकेट टोलीका सदस्य कीथ मिलरले पनि अमिनालाई मन पराउनु भएको थियो । त्यतिबेला उहाँको विवाह भएको थिएन । मिलर त्यतिबेला विश्वका चर्चित अलराउन्डर क्रिकेट खेलाडी हुनुहुन्थ्यो ।

अमिना र नेल्सन मन्डेलाले सईद नक्वीका सामने धेरै पटक भेटघाट गनुभएको थियो । सन् १९९५ मा उहाँ दक्षिण अफ्रिका जाँदा युसुफको निधन भइसकेको थियो । सईद भन्नुहुन्छ, 'अमिनाले मलाई मन्डेला नजिक लिएर जानुभयो । हाम्रा सवारी चालक पनि साथैमा हुनुहुन्थो ।

नेल्सन मन्डेलाको शानदार व्यक्तित्व र उहाँले लगाउने सर्ट (कमिज)ले सबै भन्दा फरक देखाउथ्यो । उहाँका लागि महिला प्रशंसकको कुनै कमी थिएन । उहाँको जीवनी लेख्ने एन्थोनी सैम्पसनले भन्नु भएको छ, 'उहाँ (मन्डेला) महिलाका लागि मनपराउने पुरुष हुनुहुन्छ र उहाँले हरहमेशा यो कुरामा गर्व गर्नुहुन्छ ।'

मन्डेलका तीन जना श्रीमती हुनुहुन्थ्यो र छ दशक भन्दा समयसम्म उहाँको जीवनका हरेक मोडमा तीनै जना श्रीमतीको महत्वपूर्ण योगदान रह्यो । उहाँले तीन वटा बिवाह किन गर्नुभयो भनि प्रसंङ्ग पनि रोचक रहेको छ । तीन जना श्रीमतीको बारेमा मन्डेला स्वयं भन्नुभएको थियो, 'मेरो बुवा बहुपत्नी प्रथामा विश्वास गर्नुहुन्थे, उहाँको चार जना श्रीमति हुनुहुन्थ्यो, मैले सबैलाई आफ्नो आमाको जस्तो इज्जत दिन्थ और उहाँका सबै बच्चालाई आफ्नो भाइ बहिनी जस्तो व्यवहार गर्थे । सत्या कुरा यो हो कि जब म युवा थिए त्यति बेला मलाई लागेको थियो महिलाहरुसँग सम्बन्ध राख्नु कुनै गलत कुरा होइन म आफ्नो बुवाको पथमा हिडिरहेको थिए ।'

नेल्सन मन्डेलाले एक पटक ठट्टा गरेर भन्नुभएको थियो, 'महिलाहरूले मलाई हेर्छन् र मप्रति चासो राख्छन् भने त्यो मेरो गल्ती होइन । इमानदारीपूर्वक भन्नुपर्दा, त्यसको कहिल्यै विरोध गर्ने छैन ।'

तीन पटक विवाह गरिसकेका नेल्सन मन्डेलाले आफ्नो बुढेसकालमा पनि विश्वभरीका महिलालाई आकर्षित गर्दै आउनु भएको थियो । त्यसमध्ये आज एक जना यस्ती महिलाको यहाँ चर्चा गरेका छौं जसले मन्डेललाई मन त पराउनु भएको थियो तर प्रेम प्रस्ताव अस्विकार गर्नुभएको थियो । उहाँ हुनहुन्छ, भारतीय मूलकी अमिना कचालिया ।

**किन अस्वीकार गरिन् प्रस्ताव ?**

दक्षिण अफ्रिकी सरकारको रङ्गभेद विरोधी आन्दोलनमा अमिनाले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । अमिनाले आफ्नो २१ औं वर्षको जन्मजयन्ती अवसरमा आयोजना गरेको भोजमा नेल्सन मन्डेला आउनु भएको थियो । र अमिना पनि एक पटक उहाँलाई भेट्न पोल्जमोर जेल जानु भएको थियो । अमिनाले युसुफ कचालियासँग विवाह गर्नुभएको थियो । जसको मृत्यु सन् १९९५ मा भएको थियो । त्यतिबेला नेल्सनको दोस्री श्रीमती विनीसँग सम्बन्धविच्छेदको प्रक्रिया सुरु भइसकेको थियो ।

अमिनाका छोरा गालेब कचालिया भन्नु हुन्छ, "हामीलाई थाहा थियो कि मन्डेला र मेरो आमाबुबा एकदमै मिल्ने साथी हुनुहुन्थ्यो । उहाँ प्रायः हाम्रो घरमा आउनुहुन्थ्यो । ९० को दशकमा एक पटक आमाले मलाई र मेरी बहिनी कोकोलाई एउटा कुनामा लगेर भन्नुभएको थियो कि मन्डेलाले आफूसँग विवाहको प्रस्ताव राख्नु भएको छ जसलाई आफूले अस्वीकार गर्नेछु ।' त्यतिबेला नेल्सन मन्डेलाको उमेर ८० वर्षको थियो भने अमिना उमेर ६८ को थियो । उहाँको आमाले त्यति प्रसिद्ध व्यक्तिको विवाहको प्रस्ताव किन अस्वीकार गर्नुभयो भन्ने प्रश्नमा गालेबको जवाफ थियो, "मेरी आमा नेल्सनलाई धेरै मन पराउनुहुन्थ्यो । तर उहाँ मेरो बुबालाई बिर्सन तयार हुन भएको थिएन । मेरा बुबा मन्डेला भन्दा १५ वर्ष जेठो हुनुहुन्थ्यो । सायद उहाँको मृत्युपछि अर्का एक बुढा व्यक्ति आफ्नो जिन्दगीमा आउन् भन्ने चाहना मेरो आमाको थिएन सायद ।'

**अमिनाको सुन्दरता**

नेल्सन मन्डेला जेलबाट रिहा भएपछि पहिलो पटक आफूले अमिनालाई भेट्ने अवसर पाएको प्रख्यात पत्रकार सईद नक्वी बताउनुहुन्छ । त्यतिबेला अमिनाका श्रीमान युसुफ जीवित हुनुहुन्थ्यो । जेलबाट रिहा भएका नेल्सन मन्डेलालाई डेसमन्ड टुटुको घरमा भेट्न जाँदा अमिना मन्डेलाको छेउमा बस्नु भएको थियो । नक्वी भन्नुहुन्छ, "अमिनालाई हेर्दा कुनै बेला उहाँ निकै सुन्दर, मनमोहक र चञ्चल हुनुहुन्थ्यो भनि मलाई त्यही महसुस भएको थियो । उहाँको चाल हात्तीको जस्तो थियो । उहाँमा बिहारकी नायिकामा पाइने सबै कुरा थियो । उहाँले अफ्रिकन नेशनल काँग्रेसमा काम गर्नुभएको थियो । उहाँ मन्डेलाको साथी हुनुहुन्थ्यो । र उहाँको बौद्धिकस्तर पनि मन्डेला बराबरकै थियो ।'

**किथ मिलरको मनमा अमिना**

चाखलाग्दो कुरा के छ भने सन् १९४८ मा दक्षिण अफ्रिकाको भ्रमण गर्नुभएका अस्ट्रेलियाली क्रिकेट टोलीका सदस्य कीथ मिलरले पनि अमिनालाई मन पराउनु भएको थियो । त्यतिबेला उहाँको विवाह भएको थिएन । मिलर त्यतिबेला विश्वका चर्चित अलराउन्डर क्रिकेट खेलाडी हुनुहुन्थ्यो ।

सईद नक्वी भन्नुहुन्छ, 'उहाँहरू दुईको भेट एउटा पार्टीमा भएको थियो । त्यसपछि मिलरले अमिनालाई दिनरात फोन गर्न थाल्नु भयो । रमाइलो कुरा के थियो भने उहाँले फोन मात्र गर्नु हुन्थ्यो तर उहाँलाई (अमिना) भेट्न आउन सक्नु हुन्थेन किनभने उहाँ गोराहरू बस्ने क्षेत्रमा बसिरहनु भएको थियो भने अमिना भारतीयहरू बसोबास गर्न क्षेत्रमा बसिरहनु भएको थियो । अमिनाका श्रीमान युसुफ भाइले मज्जाले हाँस्दै यो किस्सा सुनाउनु हुन्थ्यो कि रङ्गभेदले हामीलाई धेरै मद्दत गर्‍यो नत्र त्यो किथ मिलर त्यहाँ आएर अमिनालाई भेट्ने थियो ।'

**मन्डेला र अमिना मिलन**

अमिना र नेल्सन मन्डेलाले सईद नक्वीका सामने धेरै पटक भेटघाट गनुभएको थियो । सन् १९९५ मा उहाँ दक्षिण अफ्रिका जाँदा युसुफको निधन भइसकेको थियो । सईद भन्नुहुन्छ, 'अमिनाले मलाई मन्डेला नजिक लिएर जानुभयो । हाम्रा सवारी चालक पनि साथैमा हुनुहुन्थो । उहाँको श्रीमतीको नाम एलिसा थियो । उहाँले 'लङ वाक टु फ्रिडम' नाम गरेको आत्मकथामा उहाँको श्रीमतीका

# ान मेन्डेलाको प्रेम

लागि हस्ताक्षर गरिदिन आग्रह गर्नुभएको थियो । हस्ताक्षर गरेपछि मन्डेलाले अमिनालाई भन्नुभयो, ‘ तिमीलाई सम्झना छ, वर्षौं पहिले म एलिस नाम गरेकी एक जना महिलासँग प्रेम सम्बन्धमा थिएँ र फलानो फलानो रेस्टुरेन्टमा जाने गर्थें ।’ ‘त्यसपछि दुवैले आफ्ना पुराना प्रेम सम्बन्ध बारे कुराकानी गर्न थाल्नुभयो अनि मलाई थोरै लाज लाग्यो र म पछि हटेँ । त्यसबेला मलाई हेक्का भयो कि उहाँहरूको सम्बन्धको अन्तरङ्ग पाटो पनि छ जसबारे दुनियाँलाई थाहा थिएन । केही समयपछि मन्डेलाले अमिनाको हात समातेर आफ्नो बङ्गलाभित्र लग्नु भएको थियो । त्यस बेलासम्म हामी उहाँको घरको बगैंचामा कुराकानी गरिरहेका थियौं । केही समयमा अमिना बाहिर आउनुभयो । त्यसबेला हामी क्यामेरा लगायतका सामाग्री समेटिरहेका थियौं । त्यसपछि मैले अमिनालाई अब आफूहरू निस्कन लागेकाले साँझ भेटौंला भनें । अमिनाले साँझसम्म आफू त्यहीं हुने भएकाले मसँग भेट्न नपाउने बताउनुभयो । यसबाट मलाई यी दुईबीच धेरै निकटता भएको महसुस भएको थियो ।’

त्यसपछि कैयौं पटक सईद नक्वी अमिनालाई भेट्न जाँदा उहाँले मन्डेला कहाँ पुगेको हुन्थ्यो । त्यहाँ गएपछि उनी भर्खरै अन्त कतै गएको उहाँले थाहा पाउनु हुन्थ्यो । सईद नक्वी भन्नुहुन्छ, “त्यसबाट मलाई थाहा भयो कि नेल्सन मन्डेलाले किथ मिलरले गर्न नसकेको काम गर्नुभएको थियो । त्यसपछि मन्डेलाले उहाँसँग विवाह गर्ने मन बनाइरहेको बिस्तारै सबैले थाहा पाउन थाले ।’

**मन्डेलाका लागि समोसा**

अमिना कचालियाले पछि एक अन्तर्वार्ता क्रममा राष्ट्रपति छँदा नै मन्डेला आफ्नो घरमा आएको कुरा उहाँको हृदयमा मन्डेलाबारे सबै भन्दा मीठो सम्झनाको रूपमा रहेको बताउनु भएको थियो ।

‘उहाँका लागि समोसा पकाइरहेका बेला उहाँ मेरो भान्सामा मेरो पछाडि एउटा स्टूलमा बसिरहनु भएको थियो’ अमिनाले अन्तर्वार्ताका क्रममा भन्नुभयो । अमिनाले आफ्नो आत्मकथा ‘ह्वेन होप एन्ड हिस्ट्री राइम’ मा लेख्नु भएको छ, ‘‘ग्रासा मशेलसँगको तेस्रो विवाहपछि मेरो जोहानेसबर्गको फ्ल्याटमा एक पटक मन्डेला आउनु भएको थियो र उहाँले मप्रति आफ्नो प्रेम स्पष्ट रूपमा व्यक्त गर्नु भएको थियो । त्यसबेला मैले तपाईंको भर्खरै बिहे भएको छ भन्दै त्यसको विरोध गरेकी थिए । म त स्वतन्त्र छु तर तपाईं स्वतन्त्र हुनुहुन्न । त्यसपछि मन्डेला चिन्तित हुनुभयो । त्यसै पछि मैले तपाईको लागि माछा पकाएको छु भन्दा भन्दै ढोका बन्द गरेर बाहिर निस्किनु भएको थियो ।’

साही पुस्तकका अनुसार मन्डेला पटक पटक अमिनाको घरमा जानु हुनथ्यो । अमिना पनि मन्डेलाको कार्यालयमा आउजाउ गर्नुहुन्थ्यो । एक दिन मन्डेलाले अमिनालाई सोफामा बसाएरु भन्नुभएको थियो, ‘के तिमीलाई थाह छ कि तिमी कति सुन्दर र भर्खरको युवती देखिन्छौं ।’ त्यसको जवाफमा अमिनाले भन्नुभएको थियो, ‘म एक अधवैंसे उमेरको महिला हुँ ।’ त्यसपछि पछि मन्डेलाले भन्नुभएको थियो, ‘ठीक छ फेरि सुरुवात गर्नुस् ।’

**मन्डेलाको प्रेम प्रस्ताव**

अमिनाले आफ्नो आत्मकथामा लेख्नु भएको छ, “मन्डेलामा रोमान्सको रङ थिएन । सायद उहाँले वर्षौं जेलमा बिताएका कारण यो अनुभूति गुमाउनु भएको थियो । उहाँ भूमिका न बाँधेर आफ्ना भावनाहरू व्यक्त गर्ने गर्नुहुन्थ्यो । तर मै ले उहाँको प्रेम प्रस्तावको राम्रोसँग प्रतिक्रिया दिन सकिन । म पक्कै पनि उहाँलाई रुचाउँथे तर बुढेसकालमा पनि मेरा स्वर्गीय श्रीमानलाई मन पराए जसरी भने होइन ।’


**विवाहको विरोध**

अमिनाले जे लेखे पनि वा उहाँका छोरा गालिबले जे भने पनि सईद नक्वी अफ्रिकी नेशनल काँग्रेसका शीर्ष नेताहरूले पनि मन्डेला र अमिना बिच घनिष्ठ सम्बन्ध होस् भन्ने नचाहेको आफ्नो विश्वास रहेको बताउँछन् । नक्वी भन्नुहुन्छ, “दक्षिण अफ्रिकामा रङ्गभेदबाट स्वतन्त्रताका नायक नेल्सन मन्डेला अफ्रिकी स्वतन्त्रताका पनि नायक हुन् भन्ने हिसाबले बुझ्नुपर्ने हुन्छ । बिनी मन्डेलासँग सम्बन्ध विच्छेद पछि उहाँले भारतीय महिलासँग विवाह गरे पूरै अफ्रिकी समाजमा गलत सन्देश जने थियो । तर मन्डेलाको हृदयमा भने यस्तो कुनै कुरा थिएन ।’

एक भारतीय महिलाको सट्टा मन्डेलाले मोजाम्बिकका राष्ट्रपतिकी विधवा ग्रासा मशेलसँग विवाह गर्नुभयो । ग्रासाका लागि राम्रो हुने बुझिएको थियो र उहाँलाई बिस्तारै त्यसतर्फ अघि बढाइएको थियो । यसरी कसले के भन्यो वा कसले हुँदैन भन्यो भन्ने कुराको कहिल्यै पुष्टि हुने छैन । तर उहाँ (अमिना-मन्डेला)हरू बिच पक्कै केही न केही थियो । उनीहरूलाई नजिकबाट देखेपछि के भन्न सकिन्छ भने दुवै तर्फ उत्तिकै तत्परता देखिन्थ्यो जो दुई जना प्रेमी-प्रेमिकामा हुन्छ ।

*(स्रोत: बीबीसीमा रेहान फजलले लेख्नुभएका लेख तथा अन्य एजेन्सी)*





अमिना कचालियाले पछि एक अन्तर्वार्ता क्रममा राष्ट्रपति छँदा नै मन्डेला आफ्नो घरमा आएको कुरा उहाँको हृदयमा मन्डेलाबारे सबैभन्दा मीठो सम्झनाको रूपमा रहेको बताउनु भएको थियो ।

नेल्सन मन्डेला जेलबाट रिहा भएपछि पहिलो पटक आफूले अमिनालाई भेट्ने अवसर पाएको प्रख्यात पत्रकार सईद नक्वी बताउनुहुन्छ । त्यतिबेला अमिनाका श्रीमान युसुफ जीवित हुनुहुन्थ्यो ।

चाखलाग्दो कुरा के छ भने सन् १९४८ मा दक्षिण अफ्रिकाको भ्रमण गर्नुभएका अस्ट्रेलियाली क्रिकेट टोलीका सदस्य कीथ मिलरले पनि अमिनालाई मन पराउनु भएको थियो । त्यतिबेला उहाँको विवाह भएको थिएन । मिलर त्यतिबेला विश्वका चर्चित अलराउन्डर क्रिकेट खेलाडी हुनुहुन्थ्यो ।

# अन्तरराष्ट्रिय समितिमा राख्ने भन्दै सिके राउतले उठाउँछन् रकम

जनमत पार्टी निकट गैर आवासीय मधेशी संघको अन्तराष्ट्रिय समितिको कार्यसमितिमा आउने सदस्यसँग जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले रकम असुल्न लाग्नु भएको छ। गैर आवासीय मधेशी संघको अन्तराष्ट्रिय समितिको महाधिवेशनमा उम्मेदवारहरुका लागि चर्को शुल्क निर्धारण गरेको छ। जुन शुल्क दिनका लागि विदेशमा रहेका मधेशीहरुलाई गाह्रो भइरहेका छ। अन्तरराष्ट्रिय समितिको पदाधिकारीमा उम्मेदवारी दिनका लागि अध्यक्ष पदका लागि १५ हजार, वरिष्ठ उपाध्यक्षका लागि १२ हजार उपाध्यक्षका लागि १० हजार, महासचिवका लागि नौ हजार र अन्य कार्यकारिणी पदाधिकारीका लागि सात हजार र सदस्य पदका लागि तीन हजार रुपियाँ तोकिएको छ। जुन रकम फिर्ता हुने छैन। उम्मेदवार बन्नका लागि सन् २०२१, २०२२ र २०२३ जुनसम्मको सहयोग राशी तिरि सकेको हुनुपर्ने प्रावधान राखिएको छ तर ढिलो सदस्यता लिएको हकमा भने सदस्यता लिएको मिति भन्दा पछिको भुक्तान भएको हुनुपर्ने प्रावधान राखिएको गैर आवासीय मधेशी संघले जनाएको छ। यो संघमा प्राय मजदुरहरु आवद्ध छन्। कमाई त्यति छैन तर जनमत पार्टीका अध्यक्ष राउतले विभिन्न बहानामा ती मधेशीहरुबाट रकम उठाइ रहनु हुन्छ। संघमा आवद्ध भएको कारण त्यसको लेबी महिनै महिना बुझाई रहनु पर्छ तर अहिले महाधिवेशनको नाम पनि रकम असुल्ने काम भइरहेको छ।

उम्मेदवारी दिने म्याद डिसेम्बर ११ देखि ३१ सम्म राखिएको छ। उम्मेदवार बन्नका लागि गैर-आवासीय मधेशी संघको आजीवन सदस्य भएको हुनु पर्ने प्रावधान पनि राखेको छ। कार्यकारिणी सदस्यको हकमा कम्तीमा पहिला १ कार्यकाल अन्तर्राष्ट्रिय समितिमा काम गरेको हुनुपर्ने या अधिवेशन समितिद्वारा मनोनित भएको हुनुपर्ने प्रावधान राखिएको छ। त्यसैगरि, अन्तर्राष्ट्रिय सदस्यको हकमा पहिले एक कार्यकाल कुनै पनि देशको केन्द्रिय समितिमा काम गरेको हुनुपर्ने या अधिवेशन समितिद्वारा मनोनित भएको हुनुपर्ने गैर आवासीय मधेशी संघले जनाएको छ।

अन्तर्राष्ट्रिय अधिवेशन समितिलाई आवश्यक परेमा गैर-आवासीय मधेशी संघको महाधिवेशन पदाधिकारी छनौटको प्रावधान हेरफेर गर्न सकिने भनिएको छ। राष्ट्रिय समितिका पदाधिकारी तथा एरिया समितिका पदाधिकारीहरू अन्तर्राष्ट्रिय समितिमा मनोनित हुन नसक्ने बताइएको छ। समितिमा अध्यक्ष एक जना, वरिष्ठ उपाध्यक्ष एक, उपाध्यक्ष बढीमा ५, महासचिव एक जना, सचिव बढीमा ५ जना, कोषाध्यक्ष, सहकोषाध्यक्ष, प्रवक्ता, मिडिया संयोजक, सह-मिडिया संयोजक एक-एक जना तथा अन्तर्राष्ट्रिय कार्यकारिणी समितिमा बढ़ीमा १८ जना पदाधिकारी रहने बताइएको छ।

## उपेन्द्र यादवकै सामु मुख्यमन्त्रीले भने पत्रकारलाई संघीयता विरोधी

जनता समाजवादी पार्टी नेपालको तर्फबाट मधेश प्रदेशको मुख्यमन्त्री बन्नुभएका सरोजकुमार यादवले सोही पार्टी निकट पत्रकारलाई संघीयता विरोधी भन्नुभएको छ। जसपाका भातृ संगठन प्रेस मञ्चमा आवद्ध पत्रकारले संघीयता सम्बन्धी समाचार नलखेको भनि मुख्यमन्त्री यादवको गुनासो थियो। प्रेस मञ्च मधेश प्रदेश समितिले जनकपुरमा आयोजना गरेको प्रशिक्षण कार्यक्रममा उहाँले भन्नुभयो, 'अरु कुरा के भनौं हाम्रै प्रेस मञ्चका साथीहरुले संघीयताको पक्षमा कलम चलाउनु भएको छैन।'

जसपाका अध्यक्ष उपेन्द्र यादव समेत उपस्थित रहनुभएको कार्यक्रममा उहाँले आफू प्रधानमन्त्री प्रचण्डसँग संघीयताका लागि लडि रहेको तर आफ्नै पत्रकारले त्यसको बारेमा नलेखेको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, 'मैले संघीयता बचाउनका लागि संघीय सरकारसँग लडाई गरिरहेको छु, तर आफ्नै पार्टी निकट रहेका पत्रकारले मलाई सहयोग गरिरहेको छैन।'

'तपाईहरुसँग मेरो एउटा मात्र आग्रह छ कि यतिका सञ्चारकर्मी हामीसँग हुँदा हुँदै पनि संघीयताको विषयमा कहिल्यै कुनै न्युज लेखेको छैन। जो समाचार आउँछ प्रदेश सरकारकै विरुद्धमा आउँछन्। यो भन्दा पहिले पनि यस्तै थियो, अहिले पनि त्यस्तै छ, उहाँले गुनासो गर्नुभएको थियो। यसअघिका सरकारले पनि सात वटै प्रदेशभन्दा राम्रा राम्रा काम गरेको थियो तर राम्रो कामको कुनै पनि पत्रकारले समाचार लेखेनन्, अरु अरु पत्रकारले लेखेनन् तर आफ्नो पार्टीका पत्रकार, सरकार निकट रहेका पत्रकारहरुले लेख्नुपर्ने हो नि तर लेख्दैनन् बरु खेदो खन्छन् तर सही समाचार कहिले पनि नलेखेको उहाँको गुनासो थियो।

संघमा एनसेन काण्डमा जति पैसा खाएका छन्, प्रदेश सरकारको त्यति बजेट पनि छैन, तर त्यसको बारेमा कसैले नलेखेको उहाँको गुनासो थियो। मुख्यमन्त्री यादवले प्रदेश सरकारले गरेको राम्रो प्रशंसा गरिदिनुपर्ने धारणा राख्नुभएको थियो। राम्रो कामको प्रशंसा गर्दैन तर सायरी र गजल बनाएर मधेश सरकारलाई गाली गरिरहेका हुन्छन्, भन्दै मुख्यमन्त्री यादवले भन्नुभयो, 'यस्ता कुरा आफ्नै निकटहरुबाट आउँदा चित्त दुखेर आउँछ।'

## राजेन्द्र महतोले लुम्बनीमा पनि गराउनुभयो हङ्गामा

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले पार्टीमा बिद्रोह गरी केन्द्रमा हङ्गामा गरि नै रहनु भएको थियो। लोसपाले पुस १४ गते लुम्बनीमा बोलाएको प्रदशको भेलामा पनि हङ्गामा गराउनु भएको छ। बैकठक चलिरहेकै बेला कपिलवस्तु जिल्लाका महतो निकट केन्द्रीय सदस्य महेन्द्र गुप्ता (प्रशान्त)ले अवरोध सृजना गर्नुभएको थियो।

लुम्बनी प्रदेश समितिको सो भेलामा वरिष्ट नेता राजेन्द्र महतोलाई बोलाइएको थिएन। लोसपाका अध्यक्ष महन्थ ठाकुर समूहका हरेक शीर्ष नेतालाई कार्यक्रमका लागि लुम्बनी बोलाइएको थियो तर महतोलाई बाइकट गरिएको थियो। त्यसपछि आफ्ना निकट नेतालाई भनेर त्यहाँ अवरोध सृजना गर्न लगाउनु भएको महन्थ ठाकुर समूहका नेताहरुको आरोप छ। लोसपाका केन्द्रीय सदस्य महेन्द्र गुप्ता भन्नुहुन्छ, 'हामी यो जिल्लाका नेता हौं, तर बैठकको बारेमा हामीलाई कुनै जानकारी गराइएका छैन, समाजिक सञ्जालबाट जानकारी पाएपछि बैठकमा गएको तर त्यहाँ मलाई बोल्न नदिएपछि मुखमा पट्टी बाँधेर विरोध गरेको थिए।' राजेन्द्र महतोले भनेपछि तपाईल यस्तो गर्नुभएको हो भनि जिज्ञासामा उहाँले यस विषयमा राजेन्द्र महतोसँग कुनै पनि कुराकानी भएको छैन, यदि कसैले प्रमाणित गरे भने जस्तोसुकै सजाय भोग्न तयार रहेको बताउनुभयो।

उहाँले लोसपा लोकतान्त्रिक पार्टी भए पनि त्यहाँ सबै अलोकतान्त्रिक काम भएको आरोप लगाउनुभयो। आफूमाथि पार्टीका शीर्ष नेताहरुले पूर्वाग्रही व्यवहार गरेको आरोप उहाँले लगाउनुभयो। राजेन्द्र महतो नेतृत्वको तत्कालिन सद्भावना पार्टी हुँदै लोसपामा आउनु भएका गुप्ताले आफू महन्थ ठाकुरको साथमा काम नगर्ने स्पष्ट पार्नुभयो। राजेन्द्र महतोले नयाँ संगठन बनाएर अगाडि बढ्नुभयो भने आफूले उहाँलाई साथ दिने बताउनुभयो।

सो कार्यक्रममा लोसपाका अध्यक्ष महन्थ ठाकुर, वरिष्ठ नेता शरतसिंह भण्डारी, वरिष्ठ उपाध्यक्ष जितेन्द्र सोनल, महासचिव डा.सुरेन्द्र झा पनि सम्बोधनका लागि जाने तयारी थियो। तर मौसमका कारण जहाज नउडेपछि उहाँहरु जान पाउनु भएन। सो टिममा राजेन्द्र महतोलाई भनिएको थिएन। किनभने मंसिरको अन्तिम साता बसेको लोसपाको कन्द्रीय समितिको बैठकको क्रममा उहाँले पार्टीमा बिद्रोह गर्नुभएको थियो। अहिले उहाँ छुट्टै पार्टी खोल्ने तयारीमा लाग्नु भएको छ।

## मन्त्री किराँतीविरुद्ध प्रदर्शन


राष्ट्रिय एकता अभियान नेपालले अभियानका वरिष्ठ नेता बीपी यादवको नेतृत्वमा पुस ६ गते तीनकुनेमा प्रदर्शन गरेको छ। प्रदर्शनकारीले क्रिश्चियन अतिवाद र चिनियाँ विस्तारवादलाई बढावा दिएको आरोप लगाउदै संस्कृति तथा नागरिक उड्डय मन्त्री सुदान किराँतीलाई बर्खास्त गर्न नेता यादवले माग गर्नुभएको छ।

प्रदर्शनमा राष्ट्रिय विद्यार्थी परिषद्का महासचिव पप्पु यादव, राष्ट्रिय एकता अभियान युवा विभागका संयोजक दिवस पटेल, धीरज गिरी, अभियानका मधेस संपर्क समितिका संयोजक विनोद सिंह, मनोज सिंह, जयनारायण यादवलगायतका नेता तथा कार्यकर्ताको सहभागिता थियो। प्रदर्शनकारीले 'क्रिस्चियन अतिवाद मुर्दावाद, चिनियाँ दलाली बन्द गर, किरात धर्मको रक्षा गर, किराँतहरूको धर्म परिवर्तन बन्द गर जस्ता नारा लगाएका थिए। राष्ट्रिय एकता अभियानले मन्त्री किराँतीले आफ्नो कार्यकालमा नेपालमा क्रिस्चियन धर्मको प्रचार प्रसार गरेको र चीनको हितमा राष्ट्रविरोधी गतिविधिमा संलग्न रहेको आरोप लगाएको छ। सरकारले आफ्ना मागमा ध्यान नदिए आन्दोलनलाई सशक्त बनाउने चेतावनी समेत अभियानले दिएको छ। पछिल्ला केही वर्षयता नेपालमा क्रिश्चयन धर्मको प्रचार प्रसारलाई लिएर हिन्दू समूहमा असन्तुष्टि बढ्दै गएको छ। योसँगै चीनसँग नेपालको बढ्दो निर्भरतालाई लिएर पनि चिन्ता व्यक्त भइरहेको नेता बीपी यादवले दावी गर्नुभयो।






# लघुचलचित्र 'द स्कुल वाल' नाईजेरिया र जिम्वावेमा छनोट




लघुचलचित्र 'द स्कुल वाल' नाईजेरिया र जिम्वावेमा छनोट भएको छ । बालमनोविज्ञानमा आधारित यो लघुचलचित्र नाइजेरियाको इडो स्टेट इन्टरनेशनल फिल्म फेस्टिभल र जिम्वावेको भर्सिटी फिल्म एक्स्पोमा छनोट भएको छ । यसअघि बेलायतको लिफ्ट अफ फिल्ममेकर सेसन्समा छनोट भएको थियो । लघु चलचित्रमा श्लोक साहले मुख्य भुमिका निर्वाह गरेका छन् । अन्य चर्चित कलाकारहरुमा सुवास प्रसाद गजुरेल, सरोज लामिछाने, चन्द्र प्रसाद पाण्डे, गिता श्री थापा, आयुषा गौतम, बिदुर प्रसाद सिग्देल, निष्ठा दाहाल, रेहान केसी, खेम राज कोईराला, उद्धव दंगाल लगायत सेलीब्रेशन स्कूलका विद्यार्थीहरुको अभिनय रहेको छ ।

लघुचलचित्रलाई सुरेन्द्र क्षेत्रीले कास्टिङ डाइरेक्सनसँगै निर्माणसमेत गरेका छन् । काठमाडौंमा छायाङ्कन गरिएको लघुचलचित्रको दृश्य नारायण जिसीले खिचेका हुन् । लघुचलचित्रको सम्पादन तथा रङ्ग संयोजन अनिल कुमार महर्जनले गरेका छन् । सहायक निर्देशन करन साउदको रहेको छ । ऐना आर्ट्सको प्रस्तुतिमा निर्माण भएको लघुचलचित्र द स्कुल वालको लेखन तथा निर्देशन मोहन अभिलाषीले गरेका हुन् । उनकै लेखन तथा निर्देशन रहेको लघुचलचित्र 'घुर्रा', ' भाउ', 'पाउलो' विभिन्न देशहरुमा छनोटमा परिसकेको छ । लघुचलचित्र 'द स्कुल वाल' को अफिसियल पार्टनरको रुपमा साईलेन्ट एक्ट र मालिका मिडिया रहेका छन् ।

'द स्कुल वाल' मा पर्खालको रुपमा गरिबी, परिस्थिति र जिम्मेवारीलाई प्रस्तुत गरिएको छ । लघुचलचित्रमा विद्यालय नजिकै जुत्ता पालिस गर्ने तराईको एक बालकको संघर्षको कथालाई प्रस्तुत गरिएको निर्माण पक्षले जनाएको छ । काम गर्ने ठाउँको अगाडिबाट विद्यार्थीहरु विद्यालय गईरहँदा उसलाई पनि पढ्ने रहरले विद्यालयसम्म तानेर लैजान्छ । पारिवारिक, आर्थिक समस्या र बाध्यात्मक परिस्थितिबिच उसले अनेक तरहका उपाएहरु अपनाएर विद्यालयभित्र प्रवेश गर्न सफल हुन्छ तर त्यो खुशी धेरै समय टिक्दैन र कथाले अर्कै मोड लिन्छ । एउटा बालकले पढ्ने रहरको लागि के केसम्म गर्न सक्छ भन्ने कुरालाई चलचित्रले देखाउन खोजेको यसका निर्माता सुरेन्द्र क्षेत्री बताउँछन् ।




# बिहे गर्दै रश्मिका

दक्षिण भारतीय अभिनेत्री रश्मिका मन्दनाले त्यहीका अभिनेता विजय देवरकोन्डासँग बिहे गर्न लागेकी हुन् । विजय र रश्मिका बेहुला-बेहुली भएको तस्बिर सामाजिक सञ्जालमा भाइरल बनिरहेको छ । दुवैले एक अर्कासँग मगनी गरेको खबर पनि अहिले निकै चलिरहेको छ । यी दुवै गीता गोनिन्दम फिल्मको सुटिङको बेलामा एकअर्काको नजिक आएका थिए । यो फिल्मपछि विजय र रश्मिका डियर कमरेडमा देखिएका थिए । यो फिल्मले दर्शकको मन खासै जित्न सकेन ।

लामो समयदेखि यी दुईले एक अर्कालाई डेट गरिरहेको खबर आइरहेको छ । रश्मिका हरेक चाडपर्वमा विजयको घर जाने गरेको हल्ला पनि चलिरहेको छ । केही समयअघि दुवै मल्दिभ्समा छुट्टी मनाउन गएको खबर पनि आएको थियो । दुबैको परिवारले यो सम्बन्धलाई मञ्जुरी दिएका छन् । समाचारअनुसार फेबररीको दोस्रो हप्तामा दुबैले मगनी गर्दैछन् ।

विजय हालै मात्र सामन्था रुथ प्रभुको साथमा खुसी फिल्ममा देखिएका थिए । विजय अहिले गीता गोविन्दमका निर्देशक परशुराम पेटलासँग नयाँ फिल्ममा काम गरिरहेका छन् । विजयको आगामी फिल्म फ्यामिली स्टारको रिलिज डेटमा ढिलाइ भइरहेको छ । यो फिल्ममा विजयसँग मृणाल ठाकुर पनि छिन् । फिल्म १८ फेबररीमा रिलिज हुन सक्ने बताइएको छ । रश्मिका अहिले पुष्पा २ को सुटिङमा व्यस्त छिन् । यसबाहेक उनी रेम्बो नामक तेलुगु फिल्मको पनि हिस्सा बनेकी छिन् ।

**जसपामा...**

केन्द्रका अध्यक्ष प्रचण्ड नेतृत्वको सरकारको प्रशंसा उहाँले गर्नुभएको छ । केन्द्रीय समितिको बैठकमा सबभन्दा बढी आलोचना वरिष्ठ नेता राजेन्द्र श्रेष्ठले प्रस्तुत गर्नुभएको राजनीतिक प्रतिवेदनको नै भएको थियो । बैठकमा बोल्ने अधिकाँश नेताहरुले प्रतिवेदनको आलोचना गर्नुभएको थियो । मधेश आन्दोलनको बारेमा कही चर्चा पनि छैन । बरु माओवादीको जनविद्रोह र जनआन्दोलनको चर्चा गरिएको छ तर जसले संघीयता र समानुपातिक समावेशीका लागि विद्रोह गर्‍यो त्यसको चर्चा पुरै प्रतिवेदनमा कतै पनि गरिएको छैन । अधिकाँश केन्द्रीय सदस्यहरुले यो प्रतिवेदन मधेश विरोधी प्रतिवेदन रहेको टिप्पणी गर्नुभएको थियो ।

जसपाको जनाधार भएको क्षेत्र नै मधेश हो तर प्रतिवेदनमा मधेश म पनि कतै उचारण भएको छैन । मधेश आन्दोलनको चर्चा पनि छैन, मधेशी सहिदको नाम पनि छैन, यसले मधेशको अपमान गरेको आरोप अधिकाँश केन्द्रीय सदस्यले लगाउनु भएको थियो ।

**भारतीय...**

बोकेर ल्याउने नगद रकमको दायरा साँघुरो भएकाले समस्यामा पर्ने गरेको बजिमयले बताउनुभयो । भारतीय पर्यटक रमाउन यहाँ आउने गर्छन तर, सीमित नगद बोकेर आउनुपर्दा मर्कामा परिरहेका छन् । यहाँ पाँच सय र एक हजार भारु नोट नचल्ने भएकाले झन समस्या भइरहेको उहाँको भनाई छ । खुद्रा नोटका धेरै झोला बोकेर ल्याउन पनि समस्या हुन्छ । थोरै रकम बोकेर आउने भारतीय फर्किदा बेखर्ची भएको देखिन्छ । आन्तरिक र भारतीयलाई पर्यटकको सूचीमा नराखेका कारण धेरै झण्झट बेहोर्नु परिरहेको उहाँले भनाई छ । अन्तर्राष्ट्रिय पर्यटक आउने सीमा नाका अव्यवस्थित र असुक्षित छन् । सम्पूर्ण नीति, कार्यक्रम र योजना त्रिभुवन विमानस्थल लक्षित छन्, स्थल नाका अलपत्र छन् । उहाँले नेपालबाट चीन र भारतमा असिमित मुद्रा पठाउन मिल्ने भए पनि उताबाट यहाँका लागि सिमित मुद्रामात्र बोकेर ल्याउन र पठाउन मिल्ने बनाइएकाले दुःख पाइरहेका छन् ।

भारतीय पर्यटकलाई रोकेर चेकिङका नाममा दुःख दिने गरिएकाले पर्यटन क्षेत्रबाट सकारात्मक सन्देश गइरहेको छैन । तैपनि भारतीय पर्यटकहरु नेपाल आइरहेका छन् त्यो नै ठूलो कुरा हो ।

**पुजाहरूको...**

व्यवस्था रहेसम्म गाउँको मुखिया हुनुहुन्थ्यो । गोविन्द चौधरी पनि तत्कालिन गाउँपञ्चायतका सदस्य हुनुहुन्थ्यो । पछि उहाँ तत्कालिन जिल्ला पञ्चायतको पनि सदस्य बन्नुभएको थियो । २०४२ मा राष्ट्रिय पञ्चायतको चुनाव पनि लड्नु भएका थियो तर उहाँ हार्नुभएको थियो । द्रोण शम्शेरले २४ हजार मत ल्याउँदा गोविन्द चौधरीले १६ हजार मत ल्याउनु भएको थियो जब कि राजाले नै गोविन्दलाई द्रोणको विरुद्धमा चुनाव लडाउनु भएको थियो ।

देशमा बहुदल आइसकेपछि २०४८ मा भएको चुनावमा उहाँ रौतहट-३ बाट स्वतन्त्र उम्मेदवार भएर चुनाव जित्नु भएको थियो । २०५१ मा भएको मध्यावधि चुनावमा उहाँले काँग्रेसबाट टिकट लिएर चुनाव लड्न खोज्नुभएको थियो तर उहाँलाई त्यतिबेला टिकट नै दिएन । टिकट नपाए पनि उहाँ काँग्रेस बन्नुभयो । २०५६ मा भएको चुनावमा पनि काँग्रेसले टिकट नदिएपछि उहाँ स्वतन्त्र नै चुनाव लड्नु भएको थियो तर पराजित हुनुभएको थियो । उहाँ काँग्रेससँग सम्बन्ध तोड्नु भयो । पछि राष्ट्रसभा सदस्य बनाउँछु भनि गिरीजाप्रसाद कोइरालाले भनेपछि उहाँले काँग्रेस नजिक हुनु भएको थियो तर त्यो सदस्य पनि पाउनु भएका थिएन । राष्ट्रिय सभा सदस्य नपाएपछि उहाँ राजतन्त्रको पक्षमा जानु भएको थियो ।

ज्ञानेन्द्रले कु गरेपछि त्यसलाई उहाँले समर्थन गर्नु भएको थियो र त्यसको बदलामा उहाँले कृषि राज्यमन्त्री पाउनु भएको थियो । अर्थात सारा परिवार सारा जीवन दरवारको सेवामा बिताउनु भएका गोविन्द चौधरी मधेशवादी दलमा आएपछि पनि त्यस्तै हाबी हुनुभयो । उहाँ आफू राष्ट्रिय सभा सदस्य बन्न नपाएपछि आफ्नो छोरीलाई बनाउनुभयो । मधेश आन्दोलनको यो भन्दा अर्को के अपमान हुनसक्छ । जुन महिलाले मधेश आन्दोलनमा आफ्नो श्रीमान, छोरा, दाजु, भाइ गुमाउनु भयो, के उनीहरुलाई पुजाको ठाउँमा ल्याउन सकिदैन्थ्यो ?

दिनरातको प्रवाह नगरी मधेश आन्दोलनमा कुदेका कतिपय महिलाहरु अवसरबाट बन्चित छन् । त्यसलाई पुजाको ठाउँमा दिँदा केही बिग्रिदैन्थ्यो । सिरहाका निर्मला यादव होस् या महोत्तरीका निर्मला यादव मधेश आन्दोलनमा उहाँहरुको योगदान कम्ती छैन तर उहाँहरु जहिले पनि अवसरबाट बन्चित रहनुभयो । धनुषाका सीता मण्डल जो जनकपुरमा हुने कुनै पनि आन्दोलन, सभा जुलुसमा कहिले पनि पछाडी रहनु भएन तर पार्टीलाई पुजा चौधरी नै मन पर्‍यो । यस्ता पुजा चौधरीहरुका रजगज रहेसम्म ममता मण्डल, जानकी यादव, त्रिपुरा झा, निभा ठाकुर, चन्द्रकाला साह, सलमा खातुनहरु जस्ताले कहिले मौका पाउनु हुने छैनन् । मधेश आन्दोलनमा रगत बगाउने, बलिदानी दिने, परिवार गुमाउने ममता चौधरीहरुले यस्ता पुजा चौधरीहरुको रजगज रहेसम्म मधेशी राजनीतिमा कहिले मौका पाउनेछैन । यिनै पुजा चौधरीहरुको रजगजका कारण विद्या सिन्हा, आशा चतुर्वेदी, अनिता साह, दुर्गादेवीहरु पलायन भइसक्नु भएको छ । जसपा, लोसपा, जनमतमा एक जना मात्र पुजा चौधरी हुनुहुन्न । थुप्रै पुजा चौधरीहरु हुनुहुन्छ जो पारिवारिक विरासत वा पैसाको बलमा राजनीतिको रसपान गरिरहनु भएको छ । र मधेश आन्दोलनमा रगत बगाएका, बलिदानी दिएकाहरु बेकार हुनुभएको छ ।



प्रोफाइल

■ चन्द्र किशोर झा

# डाक्टर बन्न हिड्नु भएका चन्द्रकिशोर यसरी हुनुभयो पत्रकार

सर्लाहीको गोडैता माविबाट २०३७ सालमा दोस्रो श्रेणीमा एसएलसी पास गरेपछि चन्द्रकिशोर झालाई के पढ्ने भनि थाह थिएन । तर बुवाले उहाँलाई डाक्टर बनाउन चाहनु भएको थियो । त्यसैले उहाँलाई आइएससी पढ्नका लागि भारतको सीतामढीमा रहेको लक्ष्मी कोशी कलेजमा पठाउनु भयो ।

बीएससी पढेपछि एमबीबीएस अध्ययनका लागि सजिलो हुन्छ भनि त्यही कलेजमा बीएससीसम्म अध्ययन गर्नुभयो उहाँले । होस्टल जस्तै अदौरी निवास थियो, त्यसमा साथीहरुसँग बसेर उहाँले बीएससीसम्म अध्ययन गर्नुभयो । सीतामढी अध्ययनको सिलसिलामा त्यहाँको रेल्वेमा स्टेशनमा गएर पत्रिका पढ्ने, अन्य विभिन्न साहित्य कार्यक्रममा जाने, कोर्सभन्दा बाहिरका किताबहरु पढ्न थालेपछि उहाँको रुची पत्रकारिता तथा साहित्य लेखनतर्फ मोडिएको थियो ।

उहाँ भन्नुहुन्छ, 'साहित्य तथा विभिन्न पत्रपत्रिका पढ्ने बानी सानैदेखि थियो तर अध्ययनका लागि भारत जाँदा अझै बढी त्यसमा नै समय दिन थाले ।' उत्तर प्रदेशका पत्रकार गणेश शंकर विद्यापतीको पुस्तकहरु उहाँले पढ्नु हुन्थ्यो । हिन्दी लेखन कसरी गर्ने, हस्तलिखित पत्रिका कसरी प्रकाशन गर्ने बारेमा पत्रकार गणेशले लेख्नु भएको विभिन्न पुस्तकबाट उहाँले थाह पाउनु भएको थियो ।

गणेश शंकरले लेख्नु भएको किताब पढेर नै आफू पत्रकारिता, साहित्य तथा सामाजिक सेवातर्फ आकर्षित भएको उहाँ बताउनुहन्छ । त्यति मात्र होइन, पत्रकार गणेशले गर्नुभएको सामाजिक कार्यहरुबाट प्रभावित भएर नै उहाँले गाउँमा ग्राम उत्थान परिषद् गठन गर्नुभएको थियो । सो परिषद्बाट गाउँमा सामाजिक कार्यहरु गर्नुहुन्थ्यो ।

सितामढीमै हुँदा चन्द्रकिशोरले स्वामी विवेकानन्दको बारेमा पढ्नु भएको थियो । उहाँका विभिन्न साहितिक तथा विचारका पुस्तकहरु अध्ययन गर्नुभएको थियो । त्यसबाट प्रभावित भएर उहाँ पढाई लेखाई छाडेर जोगी बन्ने सोच पनि बनाइ सक्नु भएको थियो ।

त्यसका लागि उहाँले विवेकानन्द आश्रममा पत्र पनि लेख्नुभएको थियो । आफू सन्यासी बन्न चाहेको र त्यसका लागि के के गर्नुपर्छ भनि पत्रबाट उहाँले जानकारी माग गर्नुभएको थियो । त्यो पत्रको जवाफ पनि आएको थियो । चन्द्रकिशोरलाई आश्रममा आउन पनि भनेको थियो । तर पढाइको सिलसिलामा अभिभावकको दबाबमा काठमाडौं जानुपर्ने भएकाले त्यतातिर कदम चाल्नु भएन । तर उहाँको रुची साहित्य र पत्रकारितामा नै बढी थियो ।

आफ्नै रुचीले यस्तो मोड कसरी लियो त्यो कुरा चन्द्रकिशोरलाई पनि थाह छैन, उहाँ भन्नुहुन्छ, 'बस मेरो रुची र चाहनाले जहाँ डोर्‍यायो त्यतैतिर गए तर कसरी गए थाह छैन ।' सीतामढीमा पढ्दै गर्दा गाउँका विद्यार्थी तथा युवा मिलेर आफ्नो गाउँमा ग्राम उत्थान परिषद् गठन गरेको र सो परिषद्बाट उहाँले सामाजिक काम गर्नुका साथै पत्रकारितामा पनि गर्न थालेको उहाँले बताउनुभयो । सोही परिषद्को माध्यमबाट गाउँमा सरस्वती पुजा पनि धुमधामका साथ गर्नुहुन्थ्यो उहाँले ।

**पहिलो हस्तलिखित ग्राम पत्रिका**

उहाँले परिषद्बाट हस्तलिखित 'ग्राम' नामको पत्रिका प्रकाशन गर्न थालिसक्नु भएको थियो । भारत सितामढी रेल्वे स्टेशनको पत्रिका पसलमा पढेको किताब तथा पत्रिकाहरुले उहाँलाई साहित्यप्रति रुची जगाएको थियो र त्यसलाई उहाँले 'ग्राम' पत्रिकाबाट उजागर गर्नुहुन्थ्यो ।

हातले लेखेर नै ५० देखि ५५ प्रति पत्रिका प्रकाशन गरेर गाउँगाउँमा वितरण गर्नुहुन्थ्यो । पत्रिका तथा साहित्यप्रति रुची राख्ने व्यक्तिलाई उहाँले सित्तैमा दिनुहुन्थ्यो । उहाँले वर्षमा दुई अंक मात्र निकाल्नु हुन्थ्यो । एउटा अंक सरस्वती पुजामा निस्किन्थ्यो जसलाई 'वसन्त' अंक भनिन्थ्यो भने अर्को दशैंको समयमा निस्किन्थ्यो जसलाई 'विजय' अंक भनिन्थ्यो ।

सीतामढी कलेजमा पढ्नका लागि घरबाट उहाँले पकेट खर्चबाट उहाँले पत्रिका प्रकाशनको खर्च निकाल्नुहुन्थ्यो । बज्जिका, नेपाली र हिन्दी गरी तीन भाषामा निस्किने त्यो 'ग्राम' नामको हस्तलिखित पत्रिका गामघरका लाीग चर्चित पत्रिका थियो । चन्द्रकिशोर भन्नुहुन्छ, 'त्यो पत्रिकाले सामाजिक जागरणका लागि काम गर्थ्यो ।' बुवाले छोरा बीएससी पास गरेर एमबीबीएस पढ्छन्, डाक्टर बन्छन् भने कुरामा ढुक्क हुनुहुन्थ्यो । चन्द्रकिशोर पनि त्यही उद्देश्यका साथ बीएससी अध्ययनमा लाग्नुभएको थियो ।

सन् १९८६ मा बीएससी पास गरेपछि उहाँ २०४३-४४ तिर एमबीबीएस पढाइको तयारीका लागि काठमाडौं पुग्नुभएको थियो । काठमाडौंमा उहाँ इन्ट्रान्सको तयारीमा लाग्नु भएका थियो । मैतीदेवीमा डेरा लिएर बस्न थाल्नुभएको चन्द्रकिशोर इन्ट्रान्सको तयारीभन्दा अन्य अन्य पुस्तक तथा पत्रिकाहरु पढ्नमा समय दिन थाल्नुभयो । काठमाडौंमा हुने कवि गोष्ठीदेखि लिएरु अन्य साहितिक तथा अरु विचार विमर्शहरुमा जान थाल्नुभयो । मैतीदेवीमा उहाँ जुन घरमा डेरा लिएर बस्नुभएको थियो, त्यही घरमा जेपी गुप्ता पनि बस्नुभएको थियो । त्यहाँबाट 'पूर्व क्षितिज' पत्रिका निस्किन्थ्यो त्यो पत्रिकामा जेपी गुप्ता पनि काम गर्नुहुन्थ्यो । त्यसले पनि चन्द्रकिशोरलाई पत्रकारिताप्रति झन आकर्षित गरेको थियो ।

घरमा चन्द्रकिशोरको बुवालाई थाह थियो कि छोरा कोर्सभन्दा बढी बाहिरका चिजहरु पढ्न थालेका छन् । बुवाले सम्झाउँदै चन्द्रकिशोरलाई भन्नुहुन्थ्यो, 'कोर्सभन्दा बाहिरका किताबहरु पनि पढ तर सूचनाका लागि मात्र, जसले तिम्रो कोर्समा असर नपरोस् ।' तर चन्द्रकिशोर पत्रकारिता तथा साहित्यमा यस्तो डुबुल्कि लगाई सक्नुभएको थियो कि त्यसबाट निस्कन उहाँलाई निकै गाह्रो थियो । त्यतिबेलादेखि नै उहाँले गोरखपत्रमा पाठक पत्र लेख्न थाल्नुभएको थियो ।

यति हुँदा हुँदै पनि उहाँले आमा-बुबाको इच्छा पुरा गर्न हरसम्भव प्रयास गर्नुभयो । एमबीबीएसको तयारीमा लाग्नु भएको थियो । घरमा फुर्सदलको समयमा कोर्सका किताब पढ्नुको साथै आरएनसीको भवनमा रहेको भारतीय पुस्तकालयमा गएर पनि अध्ययन गर्नुहुन्थ्यो । रौतहटका वंशीधर मिश्र महराजगञ्जको टिचिङ होस्पिटलमा एमबीबीएस अध्ययन गर्दै हुनुहुन्थ्यो । त्यहाँ गएर चन्द्रकिशोरले उहाँसँग सल्लाह लिनुहुन्थ्यो । चन्द्रकिशोरले एमबीबीएस पढ्नका लागि गर्नुभएको प्रयासमा सफल हुनुभएन । अर्थात उहाँले इन्ट्रान्स पास गर्नुभएन । काठमाडौंबाट खाली हात घर फर्किनु भएको थियो ।

**आर्थिक भार**

बुवा राजेन्द्र झा र आमा कुलतारा देवी झाका जेठो छोरा भएको कारण घरको जिम्मेवारी पनि उहाँलाई बोध थियो । उहाँको आर्थिक अवस्था ठिक थिएन । वीरगञ्जमा कोठा भाडा जोहो गर्न गाह्रो थियो चन्द्रकिशोरलाई । त्यसमा पनि भाइहरुले त पत्रकारिता नै गरेर फलानो के के गरि सके तपाई जहाँको त्यही हुनुहुन्छ भन्ने गर्नुहुन्थ्यो । यहाँससम्म कि चन्द्रकिशोर विरगञ्जस्थित डेरामा उहाँका सालो आफ्नो साथीहरु लिएर जानु हुन्थेन । साथीहरुले भिनाजुको अवस्था थाह पाउनु हुन्छ भनि डरले कहिल्यै आफ्नो साथीमा कोठामा लग्नुभएको थिएन । चन्द्रकिशोरको ससुर इन्जिनियर हुनुहुन्थ्यो । ससुरालको खानपान, रहन सहन बेग्लै हुन्थ्यो र ज्वाइँ साहब पनि त्यस्तो होस् भनि चाहना उहाँहरुको थियो । तर चन्द्रकिशोरले आफ्नो इमान कहिले बेच्नु भएन र स्वभिमानका साथ जीवन निर्वाह गर्नुभयो ।

५७ वर्षीय चन्द्रकिशोरका दुई जना भाइ र दुई जना वहिनी छन् । जितेन्द्र झा एउटा नीजि कम्पनीमा जागिरे हुनुहुन्छ भने अर्का भाइ नविन झा प्रध्यापक हुनुहुन्छ । बहिनीहरु शिला झा र किरण मिश्रको बिहे भइसकेको छ । भाइ बहिनीलाई पढाउनुका साथै अन्य घरायसी व्यवहार चलाउने दायित्व चन्द्रकिशोरको काँधमा थियो ।

चन्द्रकिशोर भन्नुहुन्छ, 'चन्द्रकिशोर कमाउनुपर्छ, घर व्यवहार चलाउनुपर्छ भन्ने चाहना मेरो आमा बुबाको थिएन तर म घरको जेठो छोरा भएको कारणले मलाई मेरो दायित्व बोध भएको थियो र केही काम गरेर घरमा सहयोग गर्नुपर्छ भनि मलाई लागेको थियो ।' चन्द्रकिशोरका बुवा पनि जनस्वास्थ्यका कर्मचारी हुनुहुन्थ्यो । तर चन्द्रकिशोरले आफ्नो बुबालाई आर्थिक भार दिने पक्षमा हुनुहुन्थेन । आफै केही गरौं भनि हुटहुटी उहाँमा थियो ।

एमबीबीएसको तयारीमा काठमाडौंमै हुँदा वीरगञ्जको चिनी मिलमा विज्ञापन निस्केको थियो । त्यसमा जागिरका लागि चयन हुने व्यक्तिलाई पढ्नका लागि चीन पठाउने कुरा पनि विज्ञापनमा उल्लेख थियो । त्यसले चन्द्रकिशोरलाई त्यो जागिरप्रति झन लोभ्यायो । उहाँले फर्म भर्नुभयो । मासिक ११-१२ सयको तलबमा उहाँले ल्याब केमिस्टमा जागिर पाउनुभयो । तर चिनी मिलका तत्कालिन प्रमुख दुर्गा प्रकाश पाण्डेको त्यहाँबाट सरुवा भएपछि कर्मचारीलाई अध्ययनका लागि चीन पठाउने योजना त्यतिकै तुहिएको थियो ।

चन्द्रकिशोर त्यहाँ दुई वर्ष काम गर्नुभयो । स्थायी हुने प्रकृया लामो देखेपछि उहाँले त्यहाँबाट जागिर छाड्नु भएको थियो । चिनी मिलको जागिर छाडेपछि उहाँको बुवाले त केही भन्नु भएको थिएन तर हजुर बुवाले जागिर नछाड्न पटक पटक भन्नुभएको थियो । तर चन्द्रकिशोरलाई टेबलमा बसेर यसरी जागिर खानुभन्दा लेखपढ गरेर, घुमफिर गरेर रमाइ रमाइ काम गर्ने इच्छा थियो र त्यो पत्रकारिता र साहित्यबाट मात्र सम्भव थियो । र उहाँले त्यस्तै गर्नुभयो । चिनी मिलको जागिरमा हुँदा पनि उहाँले लेखन कामलाई कहिले छाड्नु भएको थिएन । वीरगञ्जका विभिन्न पत्रपत्रिकामा चंकी झाको नामबाट उहाँले लेख तथा समाचारहरु लेख्नु हुन्थ्यो ।

त्यहाँबाट जागिर छाडेपछि उहाँ सक्रिय पत्रकारितामा नै लाग्नु भएको थियो । देशान्तर सप्ताहिकमा चन्द्रकिशोरको नामबाट काम गर्नुहुन्थ्यो भने राष्ट्रपुकार, पुर्नजागरणलगायतका अन्य पत्रिकामा विभिन्न नामले उहाँ लेख्नुहुन्थ्यो ।

**होम ट्युशन**

वीरगञ्जको प्रतिक दैनिकदेखि काठमाडौंका विभिन्न साप्ताहिक पत्रिकामा काम गर्दा पनि उहाँलाई पैसा अपुग भइरहेको थियो । काममा सन्तुष्ट भएपनि आर्थिक अवस्थामा सुधार भइरहेको थिएन । अनि उहाँले वीरगञ्जमा होम ट्युशन पनि पढाउन थाल्नु भएको थियो । तीन वटा घरमा गएर १० कक्षाका विद्यार्थीहरुलाई उहाँले म्याथ र साइन्स पढाउनु हुन्थ्यो ।

ट्युशन र पत्रकारिताबाट आउने अलिअलि पैसाले आफ्नो खर्च चलाउनु हुन्थ्यो । सम्भव भएसम्म घरमा पनि सहयोग गर्नुहुन्थ्यो । त्यतिबेला २५ सयदेखि तीन हजार रुपियाँ मासिक रुपमा उहाँले कमाउनु हुन्थ्यो । तर उहाँलाई त्यतिले पनि पुगिरहेको थिएन । फेरि बाध्य भएर उहाँले २०५१ तिर चौधरी ग्रुपको मेघा उलन मिल्समा प्रशासन प्रमुखको पदमा काम गर्न थाल्नुभयो । त्यसपछि उहाँले ट्युशन पढाउन छाड्नु भयो तर पत्रिकामा लेख्ने कार्यलाई निरन्तरता दिनुभएको थियो ।

मेघा उलनमा अधिकाँश पत्रिकाहरु आउथ्यो । त्यहाँ हुँदा चन्द्रकिशोरलाई अध्ययन गर्ने राम्रो मौका मिल्यो । प्रशासन प्रमुख हुँदा कामको त्यति लोड पनि थिएन । अफिसमा आउने जति पत्रपत्रिकाहरु अध्ययन गर्नुहुन्थ्यो । त्यसपछि उहाँले कान्तिपुर, हिमाल, अग्नीपथ पत्रिकामा पनि लेख्न सुरु गर्नुभयो । त्यसले चन्द्रकिशोरको आय स्रोत बढ्न थाले । त्यसपछि उहाँले आफ्ना श्रीमती, बच्चालाई पनि वीरगञ्ज ल्याएर राख्न थाल्नुभयो ।

उहाँले पत्रपत्रिकामा विभिन्न कोलम लेख्न थालेपछि काठमाडौंमा उहाँको डिमाण्ड बढ्न थाल्यो । वरिष्ठ पत्रकार किशोर नेपालले त हिमालमा काम गर्नका लागि काठमाडौं आउन पटक पटक आग्रह गर्नुभएको थियो । अन्य सम्पादक तथा पत्रकारहरुले पनि चन्द्रकिशोरलाई काठमाडौंमा बसेर काम गर्न आग्रह गरिएको थियो ।

तर चन्द्रकिशोरको चाहना आफ्नो गाउँ ठाउँ र समाजमा रहेर काम गर्नु थियो । उहाँले भन्नुभयो, 'मैले आजसम्म यति काम गरे तर मलाई कहिले पनि आफ्नो समाज, आफ्नो गाउँ ठाउँ छाडेर अन्यत्र काम गर्ने जाउ भनि भएन । आफ्नो समाजमा रहेर पनि राष्ट्रका लागि केही गर्न सकिन्छ भन्ने सोचले म कहिले पनि काठमाडौं वा अन्यत्र जाने इच्छा देखाइनन् र आजसम्म म आफ्नो भुगोललाई छाडेको छैन ।'

**फुलटाइम पत्रकारिता**

पछि मेघा उलनको जागिर पनि उहाँले छाड्नुभयो । र, फुलटाइम पत्रकारितामा लाग्नुभयो । फिलान्सरको रुपमा विभिन्न पत्रपत्रिकामा काम गर्न थाल्नुभयो । उहाँले कुनै एउटा पत्रिकामा जागिरे भएर कहिले काम गर्नुभएन । कान्तिपुर, लोकपत्र, स्पेश टाइम्स, नेपाल समाचार पत्र, नयाँ पत्रिका, नयाँ सडक, हिमाललगायत विभिन्न साप्ताहिकहरुमा उहाँ विभिन्न नामले विभिन्न कोलम लेख्नु हुन्थ्यो ।

नयाँ पत्रिकामा 'तराई चिनौं' कोलम दुई वर्ष चलाउनु भयो । कान्तिपुरमा 'डेटलाइन तराई' कोलम १४ वर्षदेखि चलाई रहनु भएको छ । उहाँले सुरुमा नयाँ सडक पत्रिकामा पनि एक वर्षसम्म कोलमिस्टको रुपमा नै काम गर्नुभएको थियो । त्यस्तै, हिमालमा 'देहात संवाद' दुई तीन वर्ष चलाउनु भयो भने नेपाली टाइम्समा बोर्डरलाइन कोलम्स चलाउनुभयो । यी पत्रिकाहरुबाट उहाँलाई राम्रो पारिश्रमिक आउन थाल्यो । देश र समाजले चन्द्रकिशोरलाई चिन्न पनि थाल्यो । पछि उहाँले पत्रकारलाई तालिम पनि दिन थाल्नुभयो । काठमाडौंदेखि देशका विभिन्न ठाउँमा उहाँलाई गोष्ठी समिनार हरुमा बोलाउन थाले ।

उहाँ २०५४ देखि विभिन्न कार्यक्रममा कार्यपत्रहरु प्रस्तुत गर्नुभएको थियो । पानी, पोखरी, वतावरण, क्रश बोर्डर, व्यपार, वन्यजन्तु, राजनीतिलगायत विभिन्न विषयमा उहाँले करिब पाँच सयभन्दा बढी कार्यपत्र लेख्नु भएको छ । अहिले पनि उहाँ मौसफलबाट बीबीसीदेखि अन्य सञ्चारमाध्यममा आवद्ध भएर पत्रकारितामा नै सक्रिय रहनु भएको छ । उहाँ भन्नुहुन्छ, 'मरुञ्जेल पत्रकारिता नै गर्नुछ र अझै उत्कृष्ट बन्नुछ जसले मरेपछि पनि पत्रकारको रुपमा नै चिनोस् ।'

**राजनीति**

चन्द्रकिशोरले हालसम्म कसैलाई मतदान गर्नुभएको छैन । नेपाली राजनीतिको जानकारमध्येका एक उहाँले भोट मात्र खसाउनु भएको छैन, कुनै राजनीति दलमा आवद्ध पनि हुनुभएको छैन । उहाँलाई विभिन्न राजनीतिक दलबाट पार्टीमा सहभागी हुन अफर नआएको होइन, समानुपातिकदेखि अन्य विभिन्न पदका लागि अफर नआएको होइन तर उहाँले सबै

बाँकी पृष्ठ १२ मा

# तरुलले मूल्य नपाउँदा किसान मारमा

यो वर्ष तरुलले उचित मूल्य नपाउँदा सर्लाहीका किसान मारमा परेका छन् । वर्षा कम हुँदा तरुलको उत्पादन घटेको र मूल्य पनि राम्रो नपाएको किसानले गुनासो गरेका छन् । बागमती नगरपालिका-५, राजघाटका किसान कमलेश चौधरीले यो वर्ष तरुल प्रतिकेजी ३५ देखि ४५ रुपियाँमा बिक्री गरिरहेको बताउनुभयो ।

सर्लाहीमा उत्पादन भएको तरुलको मुख्य बजार कालिकाटी हो । तरुलको आफू पनि खेती गर्ने र अन्य किसानबाट समेत किनेर काठमाडौं लैजाने गरेका चौधरीले यस वर्ष कालिमाटीमै तरुल सस्तो भएको बताउनुभयो । "हामीले यहाँबाट लगेको तरुल गत वर्ष कालिमाटीमा ६० देखि ६५ रुपियाँमा बिक्री भएको थियो, यो वर्ष भने ५० देखि ५५ रुपियाँमा बेचिरहेका छौं," चौधरीले भन्नुभयो, "कालिमाटीमै भाउ सस्तो भएकाले यहाँ पनि कम भएको हो ।" उहाँका अनुसार धेरै पानी पर्दा तरुलको उत्पादन बढ्ने भएपनि यो वर्ष पानी नै कम पर्दा तरुलको उत्पादन घटेको छ ।

अर्का किसान शङ्कर मैनालीले अघिल्ला वर्षहरुमा जस्तो यो वर्ष व्यापारी नआउँदा राजघाटको टेकानी क्षेत्रमा तरुल खेती गरेका धेरै किसानको तरुल बिक्री नै नभएर बारीमै रहेको बताउनुभयो । "माघे सङ्क्रान्तिका लागि यतिबेला बारीको सबै तरुल उठनु पर्ने हो तर लाने व्यापारी नै नभएर आधा भन्दा बढी किसानको तरुल खन्न नपाएर बारीमै छ," मैनालीले भन्नुभयो । माघे सङ्क्रान्तिमा फलहारको रुपमा तरुल खाने गरिन्छ । मैनालीले आर्थिक मन्दीको प्रभाव तरुल खेतीमा समेत परेको बताउनुभयो । अघिल्ला वर्षहरुमा तरुलको भ्याङ (बोट) हेर्ने बित्तिकै व्यापारीले भाउ लगाउने गरे पनि यो वर्ष व्यापारी नै नआएका उहाँको दुःखेसो छ । १० कट्ठामा तरुल लगाउनु भएका उहाँले सबैभन्दा पहिले आफ्नो तरुल उठ्ने गरेको भएपनि यो वर्ष व्यापारी नआउँदा अहिलेसम्म तरुल खन्न नपाएको गुनासो गर्नुभयो ।

बागमती नगरपालिका-८, शङ्करपुरका किसान हृदय महराले पनि यो वर्ष बेलामा पानी नपरेकाले तरुलको उत्पादन घटेको बताउनुभयो । "कात्तिकतिर पानी आइदिएको भए तरुल राम्रो फल्थ्यो तर पानी पर्न नसक्दा तरुलको उत्पादन घट्यो," चौधरीले भन्नुभयो, "सिँचाइ सुविधा भएको क्षेत्रमा प्रति कट्ठा ८ क्विन्टलसम्म फलेको छ ।" पानी नलाग्ने जग्गामा भने प्रतिकट्ठा पाँचदेखि छ कट्ठासम्म तरुल उत्पादन भएको छ । चौधरीका अनुसार तरुलको उत्पादन राम्रो भएमा किसानले प्रतिकट्ठा १० हजार रुपियाँसम्म आम्दानी गर्छन् ।

बागमती नगरपालिका-१०, सोल्टीका किसान मोहनबहादुर लुम्बे मगरले यो वर्ष आठ कट्ठामा लगाएको तरुल ७५ हजार रुपियाँमा बिक्री गरेको बताउनुभयो । उहाँले मकै खेतीसँगै तरुल पनि फलाएको जानकारी दिनुभयो । तरुलबाट राम्रै आम्दानी हुने गरेपनि यो वर्ष वर्षाले साथ नदिँदा उत्पादन घट्नुका साथै भाउ पनि नपाउँदा दोहोरो मार खेप्नुपरेको किसानले गुनासो गरेका छन् । पानी कम पर्दा र सिँचाइ नहुँदा गाँठागुट्टी परेको तरुल फल्ने र त्यस्तो तरुल बिक्री गर्न समस्या हुने किसानको भनाइ छ ।

माघे सङ्क्रान्ति आउन छ दिन मात्रै बाँकी रहँदा व्यापारीले किनिसकेको तरुल खन्नका लागि भ्याइनभ्याइ छ । तरुल खन्ने मजदुरले एक क्विन्टल तरुल खनेको आठ सय रुपियाँ पाउँछन् । बागमती नगरपालिका-१०, शङ्करपुरका शिवकिशोर मुखिया (बिन) ले दिनभरमा एकदेखि डेढ क्विन्टलसम्म तरुल खन्ने गरेको बताउनुभयो । उहाँले माघे सङ्क्रान्तिका बेला धेरै नै तरुल खन्ने गरिए पनि कात्तिकदेखि फागुनसम्म नै तरुल खन्ने काम पाउने गरेको बताउनुभयो । कृषि ज्ञान केन्द्र सर्लाहीको 'रेकर्ड' अनुसार जिल्लाभर दुई सय ८५ हेक्टर जग्गामा व्यावसायिक तरुल खेती हुन्छ । यहाँको राजघाट, शङ्करपुर, बागमती, हजरिया र बरहथवालाई तरुलको पकेट क्षेत्र मानिन्छ । कृषि ज्ञान केन्द्र सर्लाहीका निमित्त प्रमुख देवानन्द रायले तरुल खेती हुने जग्गामा पछिल्लो समय किसानले उन्नत जात (हाइब्रिड) मकै लगाउन थालेका जानकारी दिनुभयो ।

# बैंकद्धारा कृषिमा करिब सात अर्ब लगानी

पश्चिम नेपालको आर्थिक केन्द्र मानिने बाँके जिल्लामा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुले कृषि क्षेत्रमा ६ अर्ब ८६ करोड ८० लाख रुपियाँ लगानी गरेका छन् । गत आर्थिक वर्ष २०७९/०८० मा बाँके जिल्लामा कृषि क्षेत्रमा विभिन्न बैंक र वित्तिय संस्थाहरुले ६ अर्ब ८६ करोड ८० लाख रुपियाँ कर्जा लगानी गरिएको नेपाल राष्ट्र बैंकले जानकारी दिएको छ । कृषि क्षेत्रमा कर्जा लगानी बढे पनि त्यो वास्तविक कृषकहरुको पहुँचमा पुग्न नसकेको गुनासाहरू आइरहेकै बेला नेपाल राष्ट्र बैंकबाट सो जानकारी बाहिरिएको हो । जिल्लामा वित्तिय संस्थाहरुबाट कृषिमा यति धेरै लगानी गरिएको जनाइए पनि वास्तविक कृषकले सहुलियत ऋण र अनुदान नपाएको दुःखेसो पटक पटक पोखिने गरेको छ ।

नेपाल राष्ट्र बैंकले आफ्नो अध्ययन प्रतिवेदनमा सहुलियतपूर्ण कृषि कर्जाको सहज तथा सुलभ व्यवस्थापन गरी लक्षित वर्गसम्म पुऱ्याउने कार्य चुनौतीपूर्ण रहेको उल्लेख गरेको छ । बाँके र बर्दियाका किसानहरुले खेतमा काम गर्ने वास्तविक किसान भन्दा पनि कागजी हिसाबकिताब मिलाउने पहुँचवालाले मात्र कृषि सहुलियत ऋण र अनुदान पाउँदै आएको गुनासो गरेका छन् ।

बाँके सीतापुरका किसान लालबहादुर खत्रीले गुनासो गर्दै भन्नुभयो-'दुईथरी कृषक छन् । एउटा खेतमा दिनरात नभनी दुःख गर्ने अर्को कागजमा हिसाबकिताब र प्रस्ताव मिलाउने । खेतमा दुःख गर्नेले होइन कागजमा हिसाब किताब मिलाउनेले अनुदान र ऋण पाइरहेका छन् ।' किसान खत्रीले वास्तविक कृषकले ऋण र सहुलियत नपाएको बताउँदै सरकारका मन्त्री र विभिन्न बैंकका अधिकारीहरूलाई ध्यानाकर्षण गराएपनि कुनै सुनुवाई नभएको बताउनुभयो । किसानले ऋण माग्न जाँदा बैंक तथा वित्तीय संस्थाका प्रमुखले आलटल गर्ने गरेको खत्रीको गुनासो छ । यस्तै जिल्लाका अर्का किसान डुडुवा निवासी राजाराम मौर्यले सहुलियत होस् वा अन्य कुनै ऋण माग्न जाँदा किसानलाई बैंक तथा वित्तीय संस्थाले प्राथमिकतामा नराख्ने गरेको दुखेसो गर्नुभयो ।

किसान मौर्यले बैंक तथा वित्तीय संस्थाले कृषकलाई हेर्ने नजर नै ठीक नभएको जनाउनुभयो । उहाँले थप्नुभयो-'कृषक हो भन्ने थाहा पाए भने बैंकका हाकिमले विभिन्न बहाना बताएर आलटाल गर्छन ।' कृषकलाई सहुलियत ऋण दिने विषयमा संघीय सरकारले सम्बन्धित निकायमा कडा निर्देशन दिनुपर्ने किसानहरुको माग छ ।

# ७२ वटा भैंसी पालेर कमाउँछन् महिनाको डेढ लाख रुपियाँ

दाङको राजपुर गाउँपालिका-४ निवासी टीकाराम यादवको पुख्यौली पेसा भैंसीपालन हो । उहाँले भैंसीको दूध, दही र घिउ बिक्री गरेर जीवन निर्वाह गर्दै आउनु भएको छ । उहाँले यसै को आम्दानीबाट घरपरिवारको खर्च पनि चलाउँदै आउनु भएको छ । परम्परागत पेसालाई व्यावसायिक बनाउँदै लगेका उहाँले भैंसीपालनबाट दूध र दही बिक्री गरेर पछिल्लो समय एक लाख ५० हजारसम्म मासिक आम्दानी गर्दै आउनु भएको छ ।

साना-ठूला गरेर ७२ भैंसीपालन गनु भएका उहाँले दूध र दही बिक्री गरेर २३ सदस्य परिवारको खर्च जुटाउनका साथै बचत गरेर जग्गासमेत जोड्नु भएको छ । उहाँले भन्नुभयो, "हाम्रो मुख्य आम्दानी नै भैंसीपालन हो, दूध, दही र घिउ बिक्री गरेर घरव्यवहार चलाउनेदेखि बचतसमेत गर्ने गरिरहेको छु ।" ती भैंसीमध्ये १७ भैंसीले दूध दिने र दैनिक करिब ६० देखि ७० लिटरसम्म दूध बिक्री गर्दै आएको उहाँले बताउनुभयो । उहाँका भाइ टेकबहादुर यादवले लमही बजारसम्म पुर्याएर दूध बिक्री गर्ने काम गर्दै आउनु भएको छ । घरका अन्य सदस्यले पनि काममा साथ दिएको उहाँले बताउनुभयो । विदेशमा अर्काको अधिनमा बसेर काम गर्नुभन्दा आफ्नै ठाउँमा घरपरिवारसँगै बसेर भैंसीपालन गर्दा राम्रो आम्दानीसँगै सन्तुष्ट रहेको उहाँको धारणा छ । उहाँसँग वैदेशिक रोजगारको समेत अनुभव छ ।

"विदेशमा १२ घण्टा दैनिक काम गर्दा महिनामा ६०-७० हजारसम्म कमाई हुन्छ, त्यो कमाइमा विदेशमा बसिरहन मनले मानेन र एक वर्षमै फर्किएँ, भैंसी बढाएर पाल्दै आएको छु । आम्दानी पनि राम्रै भइरहेको छ, उहाँले भन्नुभयो, दूध बिक्री गरेर भएको आम्दानीको आधा रकम भैंसीका लागि दाना, घाँस र औषधिमा लाग्ने गरे पनि बाँकी रकम नाफा हुने गरेको छ ।'

गाउँमा सबैभन्दा धेरै भैंसीपालन गर्ने किसानका रुपमा रहेका यादवले लाखौं खर्च गरेर विदेशमा काम गर्नुभन्दा आफ्नै ठाउँमा परिवारसँग बसेर पैसा कमाउन सकिने अरुलाई समेत सुझाव दिन्छन् । त्यसका लागि आफूमा आत्मविश्वास हुनुपर्ने उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "विदेशमा दिनमा १२ घण्टासम्म काम गर्नेले आफ्नो ठाउँमा पनि त्यहीअनुसार मेहनत गर्न सके कमाई गर्न सकिन्छ ।" भैंसीपालनबाटै राम्रो आम्दानी गरिरहेका यादवले सरकारबाट अहिलेसम्म कुनै प्रकारको सहयोग प्राप्त गर्नुभएको छैन ।





"नियमितदूध सेवन गरौं, रोग प्रतिरोधात्मकक्षमता बढाऔं"

## दूध एक फाइदाअनेक

दूधमाचिल्लोपदार्थ, प्रोटिन, कार्वोहाइड्रेड, खनिजपदार्थ र भिटामिन जस्ता शरीरलाई आवश्यक पर्ने तत्वहरु पाइने हुंदादूधलाई एक उत्तमखाद्यपदार्थको रुपमालिईन्छ । चिल्लो पदार्थले शरीरलाई शक्तिप्रदानगर्दछ । ल्याक्टोजले तुरुन्तशक्तिप्रदान गरी शरीरमा स्फूर्ति आई पुनःकाममा सक्रियहुन मद्दत गर्दछ । प्रोटिनले शरीरको कोषिका, तन्तु लगायतशारीरिक वृद्धि गरी शरीरलाई शक्ति समेत प्रदानगर्दछ । दूधमा भिटामिन A, D, E, K, B-Complex पाईन्छन । यी भिटामिनले रतन्धो हुनबाट जोगाउने, प्रजननक्षमताको विकास गर्ने तथाशारीरिक वृद्धि विकास, हाड तथामांसपेशीहरु मजबुतपार्नुका साथै खानाखाने रुची जगाउँदछ । शरीर बृद्धिको लागिआवश्यकपर्ने लवणहरु क्यालसियम, फस्फोरस, म्यागनेसियम, क्लोरिन, पोटासियम, सोडियम आदिदूधमापाईन्छन् । यसले शरीरिक सन्तुलन राख्नुका साथै शारीरिक विकास गर्दछ साथै दूधमापाईने Lactoalbumin र Lactoglobulin ले Immunity powe rबढाउनमा समेत मद्धतगर्दछ । नेपालको खाद्यनियमावलीअनुसार प्रशोधित १०० ग्राम दूधबाट करिब ६० क्यालोरी शक्तिप्राप्त हुन्छजसले रोग प्रतिरोधात्मकक्षमताअभिवृद्धि गराउनमा सहयोग पुऱ्याउछ ।

राष्ट्रिय दुग्ध विकास बोर्ड
ललितपुर, नेपाल
फोन. ०१-५५२५४००



## समाचार/विविध

### डाक्टर...

अस्विकार गर्दै आउनु भएको छ । उहाँ भन्नुहुन्छ, 'लाभको पदमा गएपछि आलोचनाको हक रहदैन त्यही कारणले म कुनै लाभको पदमा गइनन् ।' देशमा भएका हरेक आन्दोलनमा उहाँ प्रत्यक्ष नै सहभागी हुनुभएको छ । सामाजिक आन्दोलनमा पनि उहाँको सहभागिता हुन्थ्यो । गोडैता स्कूलमा नौ कक्षामा अध्ययनरत रहँदाको अवस्थामा नै चन्द्रकिशोर जनमत संग्रहमा भाग लिनुभएको थियो । उहाँले बहुदलको पक्षमा साथीहरुसँग मिलेर आफ्नो स्कूलमा हड्ताल गराएर रौतहत डुमरियाको स्कूल पनि हड्ताल गराउन जानुभएको थियो ।

बहुदलको पक्षमा नारावाजी पनि उहाँहरुले गर्नुभएको थियो । प्रहरी कार्यालयको अगाडि त झन उग्र भएर नारा लगाउनु हुन्थ्यो । गोडैता बजारमा दुर्गा सहनीलगायतका नेताहरुले बहुदलको पक्षमा कार्यक्रम गर्दा चन्द्रकिशोरहरुले सहयोगका लागि पटक पटक स्कूल बन्द गराउनु भएको थियो । हथियौल बुथमा उहाँले बहुदलको पक्षमा मतदान नै गर्नुभएको थियो । त्यहाँको मतदान अधिकृत सर्वदानन्द झा हुनुहुन्थ्यो । उहाँ बहुदल पक्षधर हुनुहुन्थ्यो । उहाँले चन्द्रकिशोरलाई पनि मतपत्र दिएर मतदान गर्नमा सहयोग गर्नुभएको थियो ।

पंचायतको विरुद्धमा भएको आन्दोलनमा उहाँ पनि लाग्नुभएको थियो । त्यतिबेला शेख इदरिस, रामहरी जोशी, बबनबहादुर सिंह, बासुदेव कोइरालालगायतको साथमा बहुदल व्यवस्थाका लागि आन्दोलनमा लाग्नुभएको थियो । २०४६ मा आन्दोलन हुँदा उहाँ चिनी कारखानामा काम गर्नुहुन्थ्यो । मजदुर युनियनिमार्फत उहाँले आन्दोलन गर्नुहुन्थ्यो । आन्दोलनमा प्रत्यक्ष सहभागी हुनुको साथै उहाँले पत्रपत्रिकामा लेख तथा समाचार लेखेर पनि आन्दोलनलाई सहयोग गर्नुभएको थियो ।

२०६३ मा भएको जनआन्दोलनमा पनि उहाँ नागरिक समाजको तर्फबाट आन्दोलनमा सहभागी हुनुभएको थियो । त्यस आन्दोलनबाट त्यतिबेला उहाँले आन्दोलनकारीको साथमा शिला भण्डारीलाई राष्ट्रपति घोषणा गर्नुभएको थियो । राष्ट्रपति घोषणा गर्ने कार्यक्रम भइरहँदा नेपाली सेनाले चारैतिरबाट घेरेको स्मरण अझै उहाँसँग छ ।

मधेश आन्दोलनमा उहाँ सडकमा नआए पनि उहाँले आफ्नो लेख रचना र समाचारबाट सधै त्यो आन्दोलनलाई सहयोग गर्नुभएको थियो । आन्दोलनमा विचार निर्माण गर्ने काम उहाँले गर्नुभएको थियो । उहाँले आफूलाई गान्धीवादी भन्नुहुन्छ । उहाँ राजनीतिक दलमा सहभागी नभए पनि विभिन्न समाजिक तथा साहित्यिक संघ संगठनमा सुरुदेखि नै आवद्ध रहदै आउनु भएको छ । मैथिली साहित्य परिषद्, मैथिली अकादमी सम्पर्क समिति, भोजपुरी साहितय सन्ध्या, प्रगतिशिल साहित्य, प्रजातान्त्रिक विचार समाज, मानव अधिकार समाज, जेसिसलगायतका संठनमा उहाँ आवद्ध भएर काम गर्नुभएको छ । उहाँ मैथिली, भोजपुरी, बज्जिका, थारु, हिन्दी, नेपाली, अँग्रेजी भाषामा कलम चलाउनु भएको छ । ती भाषाहरुमा कविता तथा विभिन्न लेख एवं समाचारहरु पनि उहाँले लेख्नु भएको छ । उहाँले विरगञ्जमा आफै सम्पादक भएर तराई खबर पत्रिका प्रकाशन गर्नुभएको थियो भने शाही कालमा प्रोपब्लिक वीरगञ्ज शाखामा मिडिया सम्बन्धी काम गर्नुभएको थियो ।

२०२३ कात्तिक २३ गते रौतहटमा जन्मनु भएका चन्द्रकिशोर सर्लाहीको बलरा निवासी हुनुभएको छ । २०३२ सालमा रौतहटबाट २२ वटा पंचायत सर्लाही जिल्लामा गाभिए पछि उहाँ सर्लाहीवासी हुनुभएको हो । सर्लाहीको बलरामा रहेको सुधा सिताराम निमाविमा एक कक्षा बढेका चन्द्रकिशोर २ र ३ कक्षा झापा भद्रपुरको एक स्कूलमा पढ्नु भएका थियो । बुवा जनस्वास्थ्यमा कार्यरहत रहेको कारण सरुवा हुँदा उहाँ पनि बुवाका साथमा जानुभएको थियो ।

पछि पुन सर्लाहीको सुधार सिताराम निमाविमा तीन कक्षादेखि ६ कक्षासम्म पढ्नु भएको थियो । त्यसपछि उहाँ रौतहटको समनपुरस्थित गुदर माविमा सात र आठ कक्षासम्म पढ्नु भएको थियो । नौ देखि १० कक्षासम्म सर्लाहीको गोडैता माविमा पढ्नु भएको थियो । उहाँ जहाँ जहाँ अध्ययनका लागि जानुभयो प्रायः होस्टलमै बसेर पढ्नुभयो । २०४७ सालमा रौतहट मत्सरीका मीरा झासँग बिहे गर्नुभएका चन्द्रकिशोरका दुई जना छोरा छन् । आषुतोष झा भारतको एउटा प्राइभेट कम्पनीमा इन्जिनियर भएर काम गरिरहेका छन् भने आभिषेक झा भारतमै अध्ययनरत छन् ।

#### विदेश भ्रमण

पत्रकारितासँग सम्बन्धित कार्यक्रमका लागि उहाँ भारत, अमेरिका, थाइल्याण्ड, बैङकक, हङकङ, चीन, जर्मनी, नेदरल्याण्ड, फ्रान्स, पाकिस्तानलगायतका देशहरुको भ्रमण गर्नुभएको छ ।

### मधेशीको...

विश्वास पात्र मान्छिन् । माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड नेतृत्वमा रहेको वर्तमान सरकारमा काँग्रेसले एक जना मधेशी राखेको छैन । मधेशको पर्सा जिल्लाबाट रमेश रिजाललाई उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्री बनाएको छ । काँग्रेसले मात्र होइन, माओवादी, नेकपा (एस)ले पनि कुनै मधेशीलाई मन्त्री बनाएनन् । सबभन्दा त हद यो भयो कि मधेशबाट राजनीति गर्ने दलले पनि पहाडी समुदायलाई नै महत्व दिएको देखिन्छन् ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालले एक जना मन्त्री सरकारमा पठाएको छ, त्यसमा पनि पहाडी समुदायबाट शरतसिंह भण्डारीलाई पठाएको छ । शरतसिंह भण्डारी मधेशीको मत लिएर चुनाव जित्नु भएको हो । र, अहिलेको समकालिन मन्त्री तथा नेतामा सबभन्दा बढी मन्त्री बन्नेमध्येका भण्डारी हुनुहुन्छ । उहाँ हालसम्म १८ पटक मन्त्री बनिसक्नु भएको छ तैपनि लोसपाका अध्यक्ष महन्थ ठाकुरले भण्डारीलाई नै मन्त्री बनाउनुभयो ।

लोसपा मात्र होइन, उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टीले पनि पहाडी समुदायबाट मन्त्री बनाएको छ । जसपाले संघीय सरकारमा दुई जना मन्त्री पठाएका छन् त्यसमध्ये एक जना अशोक राइलाई पठाएको छ । हुन त अशोक राई सुनसरीबाट चुनाव जित्नु भएको हो तर जसपा मधेशी बाहुल्य भएको, मधेश आन्दोलनबाट जन्मेको पार्टी भएको कारणले मधेशी नै मन्त्री बन्नुपर्ने हकदावी रहेको धेरैको भनाइ रहेको छ । अलि धेरै मन्त्री भएको भए त्यसमा एक जना मन्त्री पठाएको भए पनि हुन्थ्यो । दुईटा मन्त्रालय पाएको छ त्यसमा पनि एक जना पहाडीलाई पठाएको कारण मधेशी मत र संगठनको अपमान भएको जसपाका एक जना कार्यकारिणी सदस्यले बताउनु भयो ।

मधेशका युवाहरुले आफ्नो रगतबाट बनाएको पार्टी हो जसपा तर पहाडीहरु आएर यसमा राज गरिरहेको टिप्पणी भइरहेका छन् । अशोक राई आफू मन्त्री हुनुभएको छ र श्रीमतीलाई समानुपातिबाट सांसद बनाउनु भएको छ । समानुपातिक पनि मधेशकै मतबाट बन्नुभएको छ । माधवकुमार नेपाल नेतृत्वको नेकपा (एस) पनि के कम मधेश प्रदेश सरकारमा एक जना मन्त्री पठाएको छ त्यसमा पनि पहाडी समुदाय नै पठाएको छ ।

त्यो पार्टीले सप्तरीका गोविन्द प्रसाद न्योपानेलाई कृषि मन्त्री बनाएको छ । जब कि उहाँ पनि मधेशीको मतबाट चुनाव जित्नु भएको हो । मधेश प्रदेशको प्रदेश सभा सदस्यमा अरु पनि मधेशी सो पार्टीबाट त्यहाँ चुनाव जितेका छन् तर न्योपानेको अगाडी अरु कसै ले चान्स पाउनु भएन । यसको पनि टिप्पणी भइरहेको छ । माधवकुमार नेपाल आफै पनि प्रतिनिधि सभा सदस्यमा रौतहटबाट चुनाव जित्नु भएको छ । मधेशीको मतबाट चुनाव जितेपनि उहाँको प्राथमिकतामा मधेशी कहिले परेन । मधेश प्रदेशमा ३२ जना संघीय सांसद छन् त्यसमा नौ जना पहाडी समुदायबाट नै जितेका छन् । पर्सा-४ बाट काँग्रेसका रमेश रिजाल, बारा-१ बाट एमालेका अच्युत मैनाली र बारा-४ बाट नेकपा (एस) बाट किसान श्रेष्ठ चुनाव जित्नु भएको छ । त्यस्तै रौतहट-४ बाट नेकपा (एस)का अध्यक्ष माधवकुमार नेपाल र रौतहट-४ बाट काँग्रेस देव तिमिल्सिना, सर्लाही-३ बाट एमालेका हरि उप्रेती चुनाव जित्नु भएको छ । महोत्तरी-२ लोसपाबाट शरतसिंह भण्डारी र धनुषा-२ बाट जसपाका दीपक कार्की तथा सिरहा-३ बाट एमालेका लिला श्रेष्ठ चुनाव जित्नु भएको छ ।

आउने दिनमा यो सँख्या अझै बढ्ने अनुमान गरिएको छ । मधेश राजनीतिका लागि यो राम्रो संकेत नरहेको राजनीतिक विश्लेषकहरु बताउछन् । मधेशीको मतबाट जित्ने पहाडी समुदायका नेताहरु मधेशको हितमा काम नगरेको गुनासो सुनिन्छ तर उहाँहरु केन्द्रीय राज्यसत्ता र पहुँचका आधारमा टिकट लिएर चुनाव जित्ने गरेका छन् ।

२०६४ देखि पटक पटक भएको मधेश आन्दोलनका कारण मधेशी समुदायबाट चुनाव लड्ने आँट नै गरेको थिएन । चुनाव लड् पनि जितेका थिएनन् । महोत्तरीबाट पटक पटक चुनाव जित्नु भएका शरतसिंह भण्डारी समेत चुनाव हार्नुभएको थियो जब कि उहाँले मधेशवादी दलबाट नै चुनाव लड्नु भएको थियो । मधेश आन्दोनपछि पहाडी समुदायमा एक प्रकार त्रास थियो र मधेशी जनताले पनि रुचाई रहेको थिएन । तर जसरी जसरी मधेश आन्दोलनको प्रभाव कम हुँदै गयो त्यसरी त्यसरी मधेशमा पहाडी समुदायको प्रभाव बढ्दै गइरहेको छ । मधेश आन्दोलन ताका मधेशवादी दलबाट मधेशीहरु नै मन्त्री बन्नु हुन्थ्यो अन्य ठूला दल काँग्रेस, माओवादी, एमाले, राप्रपाबाट पनि समावेशीका लागि भए पनि एक दुई जनालाई मन्त्री बनाइन्थ्यो । सिंहदरवारमा मधेशीको दबदवा हुन्थ्यो । २०७० को चुनावपछि त्यो पनि हराएको छ । संविधानमा समानुपातिक समावेशीको कुरा मात्र उल्लेख छ तर व्यवहारमा कतै देखिएको छैन । न्यायधिश नियुक्तिदेखि लिएर राजदूत नियुक्ति, अन्य राजनीतिक नियुक्तिहरुमध्ये कुनै पनि समावेशी छैन । यहाँसम्म मधेशी वा अन्य समुदायले अरक्षण पाउने ठाउँमा पनि खस आर्य समुदायले मौका पाएका हुन्छन् । त्यसको पछिल्लो उदाहारण राष्ट्रिय सभाको चुनावमा मधेशबाट काँग्रेसका आनन्द ढुगांनाले मौका पाउनु हो ।

**वैदेशिक रोजगारीमा जँदा कामदार भिसामा मात्र जाऔं**

- भिजिट वा अन्य भिसामा वैदेशिक रोजगारमा नजाऔं,
- कामदार भिसाबाहेकका अन्य भिसामा कसैले वैदेशिक रोजगारमा लाने प्रलोभन ठगीको नियतले हुनसक्छ,
- ठगहरुले प्रलोभनमा पारी कामदार भिसाबाहेकका अन्य भिसामासमेत वैदेशिक रोजगारीमा लान सक्छन्,
- त्यसैले आफ्नो भिसा यकिन गरेरमात्र वैदेशिक रोजगारमा जाऔं,

**वैदेशिक रोजगारलाई सुरक्षित बनाऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्धण** : पारू अफसेट प्रेस, डिल्लीबजार